मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १७८ ★ ने. सं. ११४६ दिला थ्व, षष्ठी★ सोमबार ★ ४ साउन, २०८३ ★ July 20 , 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





संयुक्त अधिराज्य (बेलायत) को राजधानी लन्डनमा प्यालेस्टिनको समर्थनमा र युद्ध तथा साम्राज्यवादको विरोधमा प्रधानमन्त्री कार्यालय टेन डाउनिङ स्ट्रिट अगाडि विरोध प्रदर्शन गर्दै साम्राज्यवादविरोधी बेलायती जनता जुलाई १८, २०२६ को दिन । प्रदर्शनकारीहरूले हामी पछाडि हटेका छैनौँ र हामी प्यालेस्टिनको स्वतन्त्रताको पक्षमा अभियान कहिल्यै रोक्ने छैनौँ लेखिएका ब्यानर र प्लेकार्डहरू बोकेका थिए । *तस्बिर : जेरेमी कोर्बिन फेसबुकपेज*

# वार्ता र सम्झौता आन्दोलनलाई मत्थर पार्ने सरकारको बहाना मात्र नहोस्

काठमाडौँ, ३ साउन । मिटरब्याज पीडित, उखु कृषक र सुकुमवासीहरूको माग र आन्दोलन नयाँ होइन । उनीहरूको आन्दोलन विगतमा पनि राजधानीकेन्द्रित थियो । आन्दोलन गर्नुअघि उनीहरूले सम्बन्धित मन्त्रीकहाँ पुगेर आफ्नो माग राखेका थिए । पटक-पटक ध्यानाकर्षण गर्दा पनि कुनै सुनुवाइ नभएपछि उनीहरू आन्दोलनमा उत्रेका थिए । आन्दोलन नचर्कुञ्जेल आन्दोलनको माग पूरा गर्नेतर्फ सरकारको ध्यान पुग्दैनथ्यो । जब आन्दोलन व्यापक हुँदै जान्छ अनि सरकारले वार्ता गर्ने कुरा गर्छ । वार्ता टोली गठन हुन्छ । वार्ता हुन्छ; वार्ता सहमतिमा पुग्छ । वार्ता सहमतिमा टुङ्गिएको खबरसँगै आन्दोलन स्थगित हुन्छ । उखु कृषक, मिटरब्याज पीडित र सुकुमवासीहरूसँग यसअघि धेरै पटक वार्ता भयो; वार्तामा माग पूरा हुने सहमति हुन्थ्यो । तर, समय बितेसँगै सरकारले वार्तामा सहमतिअनुसार माग पूरा हुँदैनथ्यो । माग पूरा नभएपछि फेरि अर्को वर्ष आन्दोलन हुन्छ र आन्दोलन सेलाउन फेरि वार्ता हुन्छ ।

यो वर्ष पनि मिटरब्याज पीडितहरूको आन्दोलन भयो । आन्दोलन राजधानी छिर्न नपाउँदै सरकारले पीडित पक्षसँग वार्ता गऱ्यो । वार्ता सहमतिमा टुङ्गियो । वार्ता सहमतिमा टुङ्गिएपछि आन्दोलन स्थगित भयो । यस्तै वार्ता विगतमा पनि पटक पटक नभएको होइन । तर, पीडितहरूको माग पूरा हुँदैन । अहिले भएको वार्ता पनि आन्दोलन सेलाउनमात्र भएको हो कि भन्ने शङ्का गर्नु अस्वाभाविक होइन । घटनाक्रमले यही पुस्टि गरेको देखाउँछ । प्रश्न उठ्छ, के मिटरब्याज पीडितहरूसँग भएको सहमति समयमै लागू हुन्छ ? लागू गर्न के सरकारले पहल गर्छ ? विचारणीय छ ।

सरकारले मिटरब्याजलाई अपराध मानेको छ । यो कुप्रथालाई सरकारले पूर्णतः उन्मूलन गर्ने जिम्मा लिएको छ । सम्पूर्ण फर्जी तमसुक, दृष्टिबन्धक र बाध्यकारी चेक स्वतः अवैध मानी खारेज गर्ने भनिएको छ । गृह मन्त्रालयले तीन महिनाभित्र विशेष विधेयक मस्यौदा तयार गरी मिटरब्याज नियन्त्रणसम्बन्धी ऐन निर्माण गर्ने जिम्मा पनि सरकारले लिएको छ । विधेयकमा मुद्दा हेर्ने छुट्टै न्यायाधीकरण, पीडितको सम्पत्ति फिर्ता र उचित क्षतिपूर्ति सुनिश्चित गरिनुपर्ने विषय पनि सहमतिमा उल्लेख गरिएको छ । आपराधिक लाभ वा भ्रष्टाचारको रकम मिटरब्याज लगाउनेमाथि कडा कारबाही गरिने उल्लेख गरिएको छ । नयाँ ऐनमा वास्तविकभन्दा बढी रकमको कागज बनाउने, ब्याजलाई साँवामा जोड्ने, ऋणीलाई भर्पाई नदिने, खाली

***बाँकी पृष्ठ २ मा***

# भ्रष्टाचार गरेको सम्पत्ति सरकारीकरण गर्नुपर्ने

भक्तपुर, ३ साउन । नेपाल मजदुर किसान पार्टी भनपा ९ दत्तात्रय समितिको आयोजनामा साकोलानमा वि.सं.२०२६ असार १९ र वि.सं. २०२५ साउन २ गतेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा शनिबार प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य उकेश कवांले आर्थिक असमानता भएसम्म भ्रष्टाचार हुने उल्लेख गर्दै पुँजीवादी व्यवस्थामा पैसाले जे गरेर भए पनि पैसा कमाउने मानसिकताबाट भ्रष्टाचारको गन्ध आउँछ भन्नुभयो । उहाँले भ्रष्टाचार गरेको सम्पत्ति जफत गरी सरकारीकरण गर्नुपर्नेमा जोड दिँदै सामन्त र पुँजीपतिवर्गको हितमा कानुन बनाउने सरकारले बहुमत जनताको प्रतिनिधित्व गर्ने छैन भन्नुभयो । नेमकिपाले पार्टी स्थापनादेखि भ्रष्टाचारविरोधी आन्दोलन गरिरहेको उल्लेख गर्दै उहाँले पुँजीवादी व्यवस्था रहेसम्म देशमा ठुल्ठुला भ्रष्टाचार भइरहने बताउनुभयो ।

उहाँले अन्तर्राष्ट्रिय जगतलाई जनताको आँखामा धुलो छयाप्ने गरी ठुला भ्रष्टाचारीहरूलाई सानो सानो कारबाहीको नाटक गरिरहेको बताउनुभयो । उहाँले विदेशीहरूले नेपालको प्राकृतिक स्रोत साधन दोहन गर्न युवाहरूलाई भ्रष्ट बनाउने काम गरिरहेका छन् भन्नुभयो । उहाँले अहिलेको सरकार मजदुर, किसान, स-साना व्यवसायी र देशभक्त जनताको सरकार नभएको प्रस्ट पार्दै समाजवादउन्मुख संविधानअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा राम प्रजापतिले भ्रष्ट आचरण नै भ्रष्टाचार भएकोले भ्रष्टाचार गराएर पार्टी फुटाउने गरेको प्रसङ्ग उल्लेख गर्दै भन्नुभयो, “नयाँ पुस्ताले पुरानो इतिहास थाहा पाउनु पर्दछ ।”

नेमकिपा भनपा ९ का अध्यक्ष कृष्णभक्त लवजुले विदेशी सहयोग र ऋणले देश विकास नभएको बताउँदै भ्रष्टाचारविरोधी आन्दोलन र मोहियानी हक आन्दोलनले भक्तपुरका जनताको जीवनस्तर उकासेको बताउनुभयो ।

नेमकिपा भनपा ९ दत्तात्रय समितिका अध्यक्ष नातिभाइ ह्योम्बाको सभापतित्वमा भएको उक्त कार्यक्रममा रामकृष्ण प्रजापति र के.बी. प्रजापतिले पनि बोल्नुभएको थियो ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप–६०

**जिल्ला प्रशासन कार्यालय चितवन :**

सेप्टेम्बर ०८ को विद्रोहलाई सफल बनाउन विभिन्न अनलाइन मिडिया, छापा मिडिया, सामाजिक सञ्जाल (Tik Tok, DISCORD, Reddit) लगायतबाट व्यापक प्रचार-प्रसार गरिएको थियो । २०८२/०५/२२ गते (Sept 7) का दिन जेन-जेड पुस्ताका अगुवाहरू आभाष सापकोटा, रविन केसी, सन्दिप न्यौपाने, मिलन कँडेल, अमित गिरीलगायतले हस्ताक्षर गरेको पत्र जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयमा बुझाएका थिए ।

जिल्ला प्रशासन कार्यालयको गेटअगाडि सुरुमा करिब २०० को सङ्ख्यामा युवाहरू जम्मा भएका थिए ।

सम्भावित क्षति न्यूनीकरणका लागि भदौ २४ गते बिहान ७:०० बजे जिल्लास्थित PABSON, HISSAN, भरतपुर महानगर शिक्षा शाखा प्रमुख, बजार क्षेत्रका मुख्य विद्यालयका प्रतिनिधिहरूको उपस्थितिमा जिल्ला प्रशासन कार्यालयमा बैठक बसी आफ्ना विद्यार्थीहरूको सुरक्षामा ध्यान दिन भनियो । भदौ २४ गते हजारौँको सङ्ख्यामा जम्मा भएका प्रदर्शनकारीहरूले सरकार तथा नेताहरूविरुद्ध नाराबाजी गर्दै सरकारी तथा नेताहरूका निजी घरहरूमा तोडफोड तथा आगजनी गरे । सो क्रममा यस जिल्लामा रहेका सरकारी कार्यालय, माडी नगरपालिकाबाहेकका स्थानीय तहका कार्यालय तथा वडा कार्यालय, मुख्य राजनीतिक दलका कार्यालय, केही मिडिया हाउस तथा पत्रकारको घर, राजनीति दलका नेताहरूका घर तथा सवारी साधनहरूमा तोडफोड तथा आगजनी भयो ।

समग्रमा जिल्लामा गठित क्षति मूल्याङ्कन समितिले पेस गरेको प्रतिवेदनअनुसार करिब १,६१८,४२१,८४०। ५० (अक्षरेपी एक अरब एकसट्ठी करोड चौरासी लाख एक्काइस हजार आठ सय चालीस पैसा पचास मात्र) बराबरको क्षति पुगेको छ । क्षतिको यो अङ्कमा भाटभटेनी स्टोरको मूल्य समावेश गरिएको छैन ।

प्रदर्शनमा आपराधिक समूह, ज्याला मजदुरी गर्ने समूह, कवाडी सङ्कलन गर्ने समूह र सर्वसाधारणको सहभागिता थियो । सरकारी कार्यालय लक्षित गर्नेमा रास्वपा, नेकपा विप्लवका, बढी देखिन्थे भने व्यक्ति केन्द्रित एमाले, माके, नेकपा, राप्रपा, विप्लव समूहकाले

***बाँकी पृष्ठ २ मा***

## सामाजिक सञ्जालबाट

नेपाली राजनीति र कम्युनिस्ट आन्दोलनको इतिहासमा ‘रोहित’ को नाम अग्रपङ्क्तिमा आउँछ । यसमा न बहसको जरुरत छ, न कुनै प्रमाण पेस गर्नुपर्छ । उमेरका हिसाबले ज्येष्ठ भए पनि उहाँको वैचारिक स्पष्टता, राजनीतिक स्थिरता, अनुशासन, सादगी र परिपक्व नेतृत्व आज पनि प्रेरणादायी मानिन्छ । सिद्धान्तप्रति अडिग रहँदै निरन्तर सक्रिय रहनु उहाँको विशिष्ट पहिचान बनेको छ । ‘रोहित’ को नाम निशाना मेटाउन धेरै लागे, मन नपराउने पनि भए । तर, आजको दिनमा पनि उहाँले अटल र शिर ठाडो पारेर देशको बारेमा आवाज बुलन्द गरिरहनुभएको छ । आउने पुस्ताले पनि सम्झिने छ .......!!

***- रामप्रसाद तिमिल्सेना***

## व्यङ्ग्यचित्र कुनो





**भक्तपुर र काभ्रेपलाञ्चोकको सिमाना क्षेत्र साँगामा निर्माणाधीन अन्डरपास**

भक्तपुर र काभ्रेपलाञ्चोकको सिमाना क्षेत्र साँगामा निर्माणाधीन अन्डरपासबाट सवारीसाधन आवतजावत गर्दै । अरनिको राजमार्ग अन्तर्गतको सूर्यविनायक-धुलिखेल सडक विस्तार आयोजना अन्तर्गत अण्डरपासको निर्माण कार्य जारी छ । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# गोल्मढीमा ऐतिहासिक भ्रष्टाचारविरोधी सङ्घर्षको स्मरण कार्यक्रम

भक्तपुर, ३ साउन । नेपाल मजदुर किसान पार्टी गोल्मढी एकाइ समितिको आयोजनामा ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलन (असार १९ र साउन २ गते) को स्मरणमा शनिबार भेला भयो ।

उक्त भेलामा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले नेमकिपाका अग्रज किसान कार्यकर्ताले २०२५ साउन २ र २०२६ असार १९ गते तत्कालीन नवदुर्गा बहुमुखी सहकारी संस्थाका सञ्चालकहरूले गरेको आर्थिक हिनामिनाविरूद्ध गरेको भ्रष्टाचारविरोधी सङ्घर्ष आजको समयमा पनि उत्तिकै महत्त्व रहेको चर्चा गर्नुभयो ।

नियमविपरीत पदको दुरूपयोग गरी गरेको निर्णय र काम भ्रष्टाचार नै हुने प्रस्ट पार्दै उहाँले भ्रष्टाचारीहरूको सम्पत्ति जफत गरी राष्ट्रीयकरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

केन्द्रीय सदस्य ज्याख्वले भन्नुभयो, "धनीमानी व्यापारीहरूलाई कर छुट, सरकारी कर्मचारीको मात्र २१ प्रतिशत तलब वृद्धि तर निजी शिक्षा स्वास्थ्यमा ३ प्रतिशत, बिजुली ५० युनिटभन्दा बढीमा ५ प्रतिशत, राइड सेयरिङमा ५ प्रतिशत र अन्यमा करको बोझ थोपर्ने सरकारी नीति गरिब जनताको पक्षमा छैन ।"

नेमकिपा भनसका प्रतिनिधि नारायणप्रसाद त्वानावासुले तत्कालीन नवदुर्गा बहुमुखी सहकारी संस्थाका सञ्चालकहरूले जनताले बचत गरेको पैसाबाट किसानहरूलाई समयमै मल नल्याई व्यक्तिगत रूपमा हेटौँडा, चितवनबाट काठ, तोरी, मकै, सुर्ती आदिको व्यापार गरी सञ्चालकहरूले नाफा कमाउने बदमासी गरेकाले त्यस्ता भ्रष्टाचारीलाई भक्तपुरका जनताले कारबाही गरेको उल्लेख गर्नुभयो ।

आयोजक समितिका संयोजक लक्ष्मीभक्त कवांको सभापतित्वमा भएको उक्त कार्यक्रममा लक्ष्मीकेशरी तुईतुई, आरपी ग्वाछालगायतले बोल्नुभएको थियो ।

# ऐतिहासिक भष्टाचारविरोधी आन्दोलनको स्मरणमा प्रवचन

भक्तपुर, ३ साउन । नेपाल मजदुर किसान पार्टी चानपा ४ समितिको आयोजनामा २०२५ साल साउन २ र २०२६ साल असार १९ को ऐतिहासिक भष्टाचार विरोधी आन्दोलनको स्मरणमा प्रवचन कार्यक्रम भयो ।

उक्त प्रवचन कार्यक्रममा नेमकिपा, चाँगुनारायण नगर समितिका अध्यक्ष एवम् नेमकिपा जिल्ला समिति भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजूले २०२५ साल साउन २ र २०२६ साल असार १९ को ऐतिहासिक भ्रष्टाचार विरोधी आन्दोलनबारे प्रकाश पार्दै त्यस बेलाका किसान बचतकर्ताहरू सचेत, सजग र सङ्गठित नभएको भए किसानहरूको बचत रकम हिनामिना गर्ने नवदुर्गा बहुमुखी सहकारीका भ्रष्ट पदाधिकारीहरूलाई कारबाही गर्न सक्ने थिएन भन्नुभयो ।

उहाँले २०२१ सालको भूमि सुधार कार्यक्रमलाई नेमकिपाका अग्रहहरुले उपयोग गरेकै कारण अहिलेका किसानहरूको आर्थिक अवस्था सुध्रिएको हो र आफ्ना छोरा-छोरी, नाति-नातीनाहरूलाई उच्च शिक्षा हासिल गराउन सकेको हो भन्नुभयो ।

अहिले पनि स्थानीय तह, प्रदेश र सङ्घमा ब्यापक भ्रष्टाचार, अनियमितता र वेथितिहरू भइरहेको ब्यापक रूपमा चर्चा परिचर्चा भईरहेको हुँदा जनतालाई सचेत, सजग र सङ्गठित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । २०८२ को निर्वाचनमा झण्डै दुईतिहाई बहुमत प्राप्त गरेको रास्वपा सरकारले देश र जनताको हितमा काम गर्न सकेको छैन । देश र जनताको अहितमा स्वास्थ्य र शिक्षामा ३/३ प्रतिशत कर लगाउनु, विद्युतमा ५ प्रतिशत भ्याट लगाउनु र विरामीहरूले पाइराखेको स्वास्थ्य बीमाको सुविधा कटौती गर्ने नीति ल्याउनु जनघाती कदम हो ।" उहाँले भन्नुभयो ।

नेमकिपा चानपा - ४ का अध्यक्ष श्रीभक्त भडेल र सदस्य आर श्रेष्ठले स्थानीय तहका वडा-वडामा भ्रष्टाचार, अनियमितता र वेथितिका कार्यहरू ब्यापक रूपमा भइराखेको हुँदा त्यसको विरुद्धमा जनता लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

# विद्युत्, शिक्षा र स्वास्थ्यमा कर लगाएर जनतालाई दु:ख दिन नहुने

भक्तपुर, ३ साउन । भक्तपुर सिकर्मी सङ्घको आयोजनामा वि.सं. २०२५ साउन २ र २०२६ असार १९ गतेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको अवसरमा प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेक्रा मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले भक्तपुर नगर भ्रष्टाचारविरोधी आन्दोलनको इतिहास बोकेको नगर भएको उल्लेख गर्दै हामीले अग्रजहरूले गरेको योगदानबाट शिक्षा लिनुपर्ने विचार व्यक्त गर्नुभयो । विगतमा शासन सत्तामा गएका दलहरूले कामगरी खाने बहुमत जनताको पक्षमा काम नगरेको स्मरण गर्दै उहाँले हालको नयाँ सरकारले विद्युत् कर, शिक्षा कर र स्वास्थ्य कर लगाएर जनतालाई दु:ख दिने काम गरेको बताउनुभयो । देश र जनघाती कामबाट सचेत हुनुपर्ने उल्लेख गर्दै उहाँले देशको राजनीतिप्रति ध्यान दिएर चनाखो बन्नुपर्ने भनाइ राख्नुभयो ।

नेक्रा मजदुर सङ्घका जिल्ला अध्यक्ष विष्णुराम दुमरुले नेपाल मजदुर किसान पार्टीका अग्रज कार्यकर्ताहरूले दु:ख कष्ट सहेर बहुमत किसानहरूको हितमा काम गरेको इतिहास छ भन्दै जनताको बहुमत लिएर सरकारमा गएका दलहरूले कमैया मुक्तिको नाममा कमैयाहरूलाई सुकुमवासी बनाएको विचार राख्नुभयो ।

सङ्घका अध्यक्ष विक्रम ढुकुछुको सभापतित्वमा भएको उक्त कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल र सचिव पुष्पराम न्हुछेले पनि बोल्नुभएको थियो ।

# जोखिमको अवस्था हेरेर मात्रै सवारीसाधन चलाउन दिने

काठमाडौँ, ३ साउन । सरकारले बाढी, पहिरो तथा डुबानजस्ता मनसुनजन्य विपद्को जोखिमलाई मध्यनजर गर्दै जोखिमको अवस्था मूल्याङ्कन गरेरमात्रै प्रभावित जिल्लामा सवारीसाधन चलाउन दिने भएको छ ।

देशका २१ जिल्लामा भारीदेखि अतिभारी वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पूर्वतयारीलाई तीव्र बनाएको हो । प्राधिकरणका निमित्त कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले सम्भावित पहिरो र बाढीको उच्च जोखिम रहेका सडकखण्डमा सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय नागरिकको सुरक्षालाई ध्यानमा राखेर गरिएको बताउनुभयो ।

निमित्त कार्यकारी प्रमुख कोइरालाले भन्नुभयो, "जोखिमको अवस्थालाई मध्यनजर गर्दै पहिरो जाने सम्भावना भएका जिल्लामा सवारीसाधन सञ्चालन नगर्न आग्रह गरेका थियौँ । आज पनि मौसम र सडकको वास्तविक अवस्था मूल्याङ्कन गरेरमात्रै सवारी सञ्चालन खुला गरिनेछ ।"

निमित्त कार्यकारी प्रमुख कोइरालाका अनुसार सुरक्षा निकाय, स्थानीय प्रशासन र सडक विभागसँग निरन्तर समन्वय भइरहेको छ । जोखिम घटेको पुष्टि भएपछि मात्रै राजमार्ग तथा अन्य सडकमा सवारी सञ्चालन गर्न अनुमति दिइनेछ । प्राधिकरणले सर्वसाधारणलाई मौसम तथा सडकसम्बन्धी आधिकारिक सूचना पछ्याएरमात्रै यात्रा गर्न, जोखिमयुक्त सडकखण्डमा अनावश्यक आवागमन नगर्न तथा स्थानीय प्रशासन र सुरक्षा निकायको निर्देशन पालना गर्न आग्रह गरेको छ । ***रासस***

# भ्रष्टाचारविरोधी आन्दोलन अहिले पनि आवश्यक

काठमाडौँ, ३ साउन । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा २०२५ साउन १ गते र २०२६ असार १९ गते भएको भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा काठमाडौँमा शनिबार कार्यकर्ता भेला सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् काठमाडौँ जिल्ला अध्यक्ष नारायण महर्जनले पुँजीवादी व्यवस्थामा जस्तोसुकै सरकार आए पनि भ्रष्टाचार छायाँसरह आउने भएकोले भ्रष्टाचारविरुद्धको आन्दोलनबाट शिक्षा लिएर भ्रष्टाचार र भ्रष्टाचारीको विरोध गर्नुपर्ने बताउनुभयो ।

उहाँले साउन २ र असार १९ को भक्तपुरमा भएको आन्दोलनले देशमा सहकारी ठगी गर्नेहरूलाई अहिले पनि चेत खुवाएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले भ्रष्टाचारीहरूलाई हिजो र आज पनि राज्यले नै संरक्षण गरेकोले जनता सचेत हुनुपर्नेमा जोड दिँदै पार्टी प्रकाशन गहिरिएर अध्ययन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

काठमाडौँ जिल्ला समितिका शैलेष डंगोल, श्यामकुमार महर्जन, रमेश डंगोल, हरिशरण श्रेष्ठ, अनिल श्रेष्ठ, मदन श्रेष्ठ, बन्दना श्रेष्ठ, बिन्द्रा महर्जन, एचके महर्जनले पनि भ्रष्टाचारविरोधी आन्दोलन अहिले पनि चलाउनुपर्ने र भ्रष्टाचारीलाई फाँसीजस्तो कडा सजाय दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

# दुई मोटरसाइकल आपसमा ठक्कर खाँदा कार्कीको मृत्यु

भक्तपुर, ३ साउन । मध्यपुर ठिमी नगरपालिका वडा नं. ५ एस.एस.चोकमा बाटो क्रस गरी बाग्मती पेट्रोल पम्पतर्फ जाँदै गरेको प्रदेश ३-०२-०१२ प २९०५ नं. को मोटरसाइकल र नयाँ ठिमी चोकबाट राधेराधेतर्फ जाँदै गरेको बा.प्र.०२-०२२ प २९०६ नं. को मोटरसाइकल एक आपसमा ठक्कर खाँदा उदयपुर जिल्ला कटारी न.पा. २ घर भई हाल काठमाडौँ तीनकुने बस्ने वर्ष १६ का कविर कार्की घाइते भई उपचारको क्रममा मृत्यु भएको छ । निजलाई उपचारको लागि मध्यपुर ठिमी अस्पताल भक्तपुर लगिएको थियो । दुवै सवारी साधन ट्राफिक जिल्ला प्रहरी परिसर चुनदेवी भक्तपुरको नियन्त्रणमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



मोटरसाइकलमा पछाडि सवार काठमाडौँ सिनामंगल बस्ने वर्ष १९ की अलिया वि.क. गम्भीर घाईत भई उपचारमा रहेको छ ।

मोटरसाइकल चालक खोटाङ जिल्ला दिक्तेल रूपाकोट मझुवागढी न.पा. २ घर भई हाल भक्तपुर बालकोट पानी ट्याङकी बस्ने वर्ष २४ को मनिष राई डिस्चार्जपश्चात प्रहरी वृत्त ठिमी भक्तपुरको नियन्त्रणमा रहेको छ ।

***वार्ता...***

चेक वा कागजमा जवरजस्ती सही गराउने र सम्पत्ति हत्याउने कार्यलाई अपराध मानिएको छ ।

शिक्षकहरूको पनि त्यही हालत छ । आन्दोलन चर्केपछि सरकारले शिक्षकहरूको टोलीसँग वार्ता गऱ्यो । वार्ता सहमतिमा टुङ्गिएको थियो । तर, निर्णय कार्यान्वयन भएन । अहिले शिक्षकहरू आन्दोलन गर्ने तरखरमा छन् । सरकारको अदूरदर्शी निर्णयकै कारण करारमा रहेका कर्मचारीहरू पनि नाराबाजीका साथ अर्थमन्त्रालय घेर्न पुगे । सरकार र सत्तारूढ दलको विरोध गरेपछि आन्दोलन चर्किएला भन्ने डरले उनीहरूसँग पनि सरकारले वार्ता गऱ्यो । करारका कर्मचारीहरू नहटाउने सहमति भएको कुरा सञ्चारमा आयो । यसले सरकारको निर्णय सही नभएको थाहा हुन्छ । लोकप्रियताको निम्ति हतार हतारमा भएको सरकारी निर्णयले ल्याएको समस्या हो ।

अवाञ्छित दलीयकरणको अन्त्य गरी स्वस्थ लोकतान्त्रिक अभ्यास गर्ने वाचा गरेको नयाँ सरकारले विगतमा पुराना दलहरूले जे गरेका थिए, आज त्यही काम दोहोरिएको छ । उत्तरदायीभन्दा शक्तिशाली, भिजनभन्दा भ्रम र पर्फमेन्सभन्दा प्रोपोगान्डालाई प्राथमिकता दिई सरकारले काम गरिरहेको अनुभूति राजनीतिक विश्लेषकहरूले गरेका छन् । जादु, चमत्कार र स्टन्टको कुरा फलाक्नेहरू प्रजातन्त्रवादी होइनन् लोकप्रियवादी हुन् । यस्तै यस्तै बेथिति र अहङ्कारले गर्दा विगतमा धेरै सरकार असफल भएको थियो । राजनीतिक भर्तीकेन्द्र र दलीयकरण अन्त्य गर्ने नाममा सरकारले संवैधानिक तथा कूटनीतिक निकाय र प्राज्ञिक तथा शैक्षिक संस्थामा रास्वपाकरण गर्नु के विगतको निरन्तरता होइन ? सरकारको नेतृत्व गरेको थोरै समयमा नै यो सरकारले जनतामा गलत सन्देश दियो । सरकारको हालसम्मको गतिविधिले सकारात्मकभन्दा नकारात्मक काम बढी गरेको जनताले चाल पाए । नयाँ सरकारको यो चालले जनतामा असन्तोषको लहर फैलिनु स्वाभाविक हो ।

***कार्की....***

विगतदेखि आफूलाई रिस उठेका व्यक्ति लक्षित आक्रमण गरेको देखिन्छ । जिल्ला अदालत, सरकारी वकिल कार्यालयहरूमा आपराधिक व्यक्ति र तिनका आफन्तले समेत मिसिल जलाउने गरेको पाइयो ।

**सुरक्षा निकायको परिचालन र समन्वय :**

राजधानीमा प्रधानमन्त्रीको राजीनामापश्चात् पनि घटना साम्य नभएपछि त्यसले ठुलो क्षति पुऱ्याएको थियो । साँझ पर्दै गएपछि विस्तारै सर्वसाधारण घर फर्कन थाले भने आपराधिक पृष्ठभूमिका व्यक्तिहरू अझै बाँकी रहेका कार्यालयमा तोडफोड/आगजनी गर्न र लुटपाट गर्न तल्लीन थिए ।

## सङ्क्षिप्त समाचार

### सबैभन्दा बढी वर्षा दाङको अमरपुरमा

काठमाडौँ, ३ साउन । बितेका २४ घण्टामा सबैभन्दा बढी वर्षा दाङको अमरपुरमा भएको छ । त्यहाँ १०७ मिलिमिटर पानी परेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

उक्त अवधिमा सिन्धुपाल्चोकमा १०३ मिलिमिटर, पश्चिम नवलपरासी (परासी) मा ६९ मिलिमिटर वर्षा भएको विभागका मौसमविद् डेविड ढकालले बताउनुभयो । *रासस*

### 'एक मुट्ठी भोक' सार्वजनिक

भद्रपुर (झापा), ३ साउन । आदिकवि भानुभक्त आचार्यको २१३ औँ जन्मजयन्ती मनाउने सन्दर्भमा शनिबार चन्द्रगढीमा देवेन्द्रकिशोर ढुङ्गानाको कवितासङ्ग्रह 'एक मुट्ठी भोक' लोकार्पण भएको छ ।

नेपाली साहित्य परिषद्को आयोजनामा भएको कार्यक्रममा समालोचक गङ्गाप्रसाद अधिकारीले उक्त कविता सङ्ग्रह विमोचन गर्दै कवि ढुङ्गानाले समाजमा व्याप्त कुरीति र अन्यायविरुद्ध प्रतिरोध गर्नुभएको बताउनुभयो ।

साहित्यकार चूडामणि वशिष्ठले श्रमजीवी समुदायका पीडा, अभाव र मानवीय संवेदनालाई जीवन्त रूपमा कवितामा व्यक्त भएका बताउनुभयो ।

ढुङ्गानाको यो दोस्रो कृति हो । यसअघि उहाँको 'तुँवालोले ढाकेको आकाश' लघु उपन्यास पाठकमाझ आइसकेको छ । *रासस*

### आँखा अस्पतालमा बिरामी बढे

जनकपुरधाम, ३ साउन । तापक्रम वृद्धिसँगै यहाँस्थित जानकी आँखा अस्पतालमा बिरामीको सङ्ख्या बढेको छ ।

हाल दैनिक ४०० देखि ५०० जना बिरामी आउने गरेका छन् । यसअघि दैनिक सरदर ३०० जना सेवाग्राही आउने गरेका थिए ।

अस्पतालका निर्देशक डा. आशीष बोहराका अनुसार उपचारका निम्ति आउनेमा बालबालिका र वृद्धवृद्धा बढी छन् । सिरहा, महोत्तरी र सिन्धुलीलगायत जिल्लाका बिरामी अस्पताल आउने गरेका छन् । भारतको बिहार राज्यबाट पनि बिरामी आउने गरेका छन् । *रासस*



**अलपत्र अवस्थामा रहेको ढल्केबरस्थित बसही खोलाको निर्माणाधीन पुल**

धनुषाको ढल्केबर-जटही सडकखण्डअन्तर्गत धनुषाको ढल्केबरस्थित बसही खोलामा निर्माणाधीन पुल । उक्त सडकखण्डमा ६ लेनको सडक निर्माण कार्य सम्पन्न भइसके पनि वर्षौंदेखि पुल निर्माण कार्य अलपत्र पर्दा स्थानीयवासी एवं यात्रुले सास्ती भोग्न बाध्य छन् । विसं २०७६ असार ३१ गते नागार्जुन हेम कन्स्ट्रक्सन जेभीले ठेक्का सम्झौता गरेर बसही खोलामा पुल निर्माण सुरु गरेको थियो । *तस्बिर स् राजु विश्वकर्मा/रासस*

# आर्थिक गतिविधि विस्तारमार्फत जीडीपी बढाउने मधेसको योजना

**- राजु विश्वकर्मा**

जनकपुरधाम, ३ साउन । कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदानलाई वृद्धि गर्न प्रदेश सरकारले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि तथा निजी क्षेत्रको लगानी प्रोत्साहनलाई प्राथमिकतामा उच्च प्राथमिकतामा राखेर तदनुरूप कार्यारम्भ गरेको छ ।

प्राकृतिक स्रोत, उर्वर कृषि भूमि, प्रशस्त श्रमशक्ति तथा सीमापार व्यापारको पर्याप्त सम्भावना हुँदाहुँदै पनि प्रदेशको आर्थिक क्षमता पूर्ण रूपमा उपयोग हुन नसकेको निष्कर्षसहित सरकारले उत्पादनशील क्षेत्रको विस्तार, औद्योगिकीकरण र लगानी प्रवर्द्धनका कार्यक्रम अघि बढाएको हो ।

मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले प्रदेशको जिडिपी बढाउन उत्पादनशील क्षेत्रको विस्तारसँगै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रदेशमा उद्योग, व्यापार र सेवा क्षेत्रमा लगानी बढाउन हामीले प्राथमिकता दिएका छौँ । गत आर्थिक वर्ष २०८२/८३ मा लगानी सम्मेलनका लागि बजेट विनियोजन भए पनि विभिन्न कारणले आयोजना गर्न सकिएन । उद्योग-व्यवसायमा पर्याप्त लगानी भित्र्याउन नसकेसम्म प्रदेशको जिडिपी उल्लेखनीय रूपमा बढाउन सकिँदैन । त्यसैले चालु आर्थिक वर्ष २०८३/८४ मा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएका छौँ ।"

उहाँका अनुसार प्रदेशका पर्यटकीय क्षेत्रको पहिचान, स्तरोन्नति तथा बढीभन्दा बढी पर्यटक आकर्षित गर्ने कार्यक्रम पनि सञ्चालन गरिनेछ । साथै औद्योगिक पूर्वाधार विकास, कृषि उपजमा आधारित उद्योग स्थापना, साना तथा मझौला उद्यम प्रवर्द्धन, सीमावर्ती व्यापार व्यवस्थापन तथा लगानीकर्तालाई प्रशासनिक सहजीकरण उपलब्ध गराउने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको छ । कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास, पर्यटन प्रवर्द्धन, सीमा व्यापार व्यवस्थापन, लगानीमैत्री कानुनी वातावरण निर्माण तथा निजी क्षेत्रसँगको साझेदारीमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उहाँले बताउनुभयो ।

मधेस प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. भोगेन्द्र झाले लगानी सम्मेलनजस्ता कार्यक्रमले प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सकारात्मक भूमिका खेल्ने बताउनुभयो । उहाँले लगानी प्रतिबद्धतालाई वास्तविक परियोजनामा रूपान्तरण गर्नु, उद्योग सञ्चालनका कानुनी तथा प्रशासनिक प्रक्रिया सरल बनाउनु तथा निजी क्षेत्रसँग नियमित संवाद आवश्यक रहेको औँल्याउनुभयो ।

राष्ट्रिय जिडिपीमा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदान रहेको उल्लेख गर्दै उहाँले उत्पादन, उद्योग, व्यापार तथा सेवा क्षेत्रको विस्तारबिना प्रदेशको आर्थिक आकार बढ्न नसक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रदेशको आर्थिक समृद्धिको आधार आर्थिक गतिविधि विस्तार हो । उद्योग स्थापना, कृषि उत्पादनको व्यावसायिकीकरण, लगानीमैत्री वातावरण निर्माण तथा निजी क्षेत्रको सहभागिता बढाउन सके मधेसको जिडिपी उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ ।"

नेपाल राष्ट्र बैङ्कले गत कार्तिकमा सार्वजनिक गरेको 'मधेस प्रदेशको आर्थिक गतिविधिसम्बन्धी प्रतिवेदन' अनुसार आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु. ६१ खर्ब सात अर्ब रहने अनुमान गरिएको छ भने मधेस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. आठ खर्ब चार अर्ब रहने अनुमान छ । सोही अवधिमा राष्ट्रिय अर्थतन्त्र ३.९९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकामा मधेस प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

प्रतिवेदनअनुसार मधेस प्रदेशको अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान सबैभन्दा बढी ३६.७० प्रतिशत रहेको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम ०.१५ प्रतिशत छ । आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ९३२ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ ।

कृषि क्षेत्रतर्फ खाद्य तथा अन्य बालीको उत्पादन १४.०१ प्रतिशत तथा तरकारी एवं बागवानी उत्पादन ९.७९ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । दूध, अण्डा र माछा उत्पादनमा पनि क्रमशः ३.१६, ९.६४ र ५.९५ प्रतिशतले वृद्धि भएको छ । यद्यपि, फलफूल, मसला तथा मासु उत्पादनमा भने केही गिरावट आएको प्रतिवेदनले देखाएको छ ।

नेपाल राष्ट्र बैङ्कले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा आर्थिक वर्ष २०८१/८२ मा भएका आर्थिक गतिविधिका तथ्याङ्कका आधारमा उक्त प्रतिवेदन तयार गरेको हो । प्रतिवेदनमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्षेत्रको अवस्था, चुनौती र सम्भावनाको विश्लेषण गरिएको छ । सरकारी कार्यालय, सम्बन्धित परियोजना तथा उद्योग-प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका साथै सरोकारवालासँगको अन्तरक्रिया र सर्वेक्षणबाट प्राप्त निष्कर्षका आधारमा प्रदेशको समग्र आर्थिक अवस्था र आगामी आर्थिक वर्षको परिदृश्यसमेत प्रस्तुत गरिएको छ । *रासस*

# 'मेसिन' मर्मत नहुँदा क्यान्सरका बिरामी भारत धाउन बाध्य

**- युवराज पाण्डे**

नेपालगन्ज, ३ साउन । खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा करिब तीन महिनादेखि लिन्याक (लिनियर एक्सेलेरेटर) मेसिन बन्द हुँदा रेडियोथेरापी सेवा ठप्प भएको छ । सेवा अवरुद्ध भएपछि दैनिक उपचारका लागि आउने क्यान्सरका बिरामी भारतका विभिन्न अस्पताल धाउन बाध्य छन् ।

रेडियोथेरापी सेवा बन्द हुँदा पश्चिम नेपालका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका बिरामी सबैभन्दा बढी प्रभावित भएका छन् । अस्पतालमा दैनिक २५ भन्दा बढी बिरामीले रेडियोथेरापी सेवा लिँदै आएका थिए तर मेसिन बिग्रेपछि उनीहरू भारतका बहराइच, लखनऊ, दिल्लीलगायतका अस्पतालमा उपचारका लागि जान बाध्य भएका छन् । सुशील कोइराला प्रखर क्यान्सर अस्पताल लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका लागि सरकारी क्यान्सर उपचार सेवा दिने प्रमुख केन्द्र हो ।

अस्पताल प्रशासनका अनुसार मेसिन मर्मत गर्ने प्राविधिक अस्पतालमा छैनन् । मेसिन आपूर्ति गर्ने कम्पनीले बाँकी भुक्तानी नपाएको भन्दै मर्मत गर्न अस्वीकार गरेपछि रेडियोथेरापी सेवा पुनः सञ्चालन अन्योलमा परेको हो ।

अस्पतालका अनुसार खरिद सम्झौतामा उल्लेख भएको एचएस कोड (एचएस कोड) र कन्ट्री अफ ओरिजिनभन्दा फरक विवरण भएको मेसिन आपूर्ति गरिएकाले सप्लायर्सको बाँकी भुक्तानी रोकिएको छ । भुक्तानी रोकिएपछि कम्पनीले मर्मतका लागि प्राविधिक नपठाएको अस्पताल प्रशासनको भनाइ छ ।

अस्पतालका कार्यकारी निर्देशक डा. निरज भराईले लिन्याक मेसिन सञ्चालनका विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग छलफल भइरहेको र समस्या समाधानका लागि मन्त्रालयमा पत्राचार गरिएको जानकारी दिनुभयो । मन्त्रालयबाट आवश्यक निर्णय भएपछि मेसिन पुनः सञ्चालनमा आउने विश्वास व्यक्त गर्दै उहाँले रेडियोथेरापी सेवा अवरुद्ध हुँदा बिरामीले भोग्नुपरेको समस्याबारे मन्त्रालयलाई जानकारी गराइसकिएको बताउनुभयो ।

अस्पतालका सूचना अधिकारी डा. प्रविण गुप्ताका अनुसार मेसिन मर्मतका लागि आवश्यक प्राविधिक पठाइदिन मन्त्रालयसँग आग्रह गरिएको छ । उहाँले मन्त्रालयसँग रेडियोलोजी विभागका प्राविधिक जनशक्तिको समेत माग गरिएको र सकेसम्म छिटो सेवा पुनः सञ्चालन गर्ने प्रयास भइरहेको छ ।

अस्पतालमा २०७९ पुसमा ल्याइएको उक्त लिन्याक मेसिन खरिदसम्बन्धी विवादका कारण जडान भएको तीन महिनापछि मात्रै सञ्चालनमा आएको थियो । तत्कालीन निर्देशक डा. प्रकाशप्रसाद साहले भुक्तानीको आश्वासन दिएपछि सप्लायर्सले प्राविधिक पठाएर मेसिन सञ्चालनमा ल्याएको अस्पताल जनाएको छ ।

तत्कालीन निर्देशक डा. निरज भट्टराईको कार्यकालमा मन्त्रालयको आग्रहमा गठित छानबिन समितिले खरिद सम्झौता र भन्सार कागजातमा एचएस कोड तथा कन्ट्री अफ ओरिजिन फरक परेको स्वीकार गरेको थियो । समितिले मेसिनको गुणस्तर सञ्चालनपछि मात्रै मूल्याङ्कन गर्न सकिने उल्लेख गर्दै प्रतिवेदन मन्त्रालयमा बुझाएको थियो । सोही प्रतिवेदनका आधारमा मेसिन सञ्चालनमा आए पनि एचएस कोड र कन्ट्री अफ ओरिजिनसम्बन्धी विषयमा मन्त्रालयबाट निर्णय नहुँदा बाँकी भुक्तानी रोकिएको अस्पताल प्रशासनले जनाएको छ ।

अस्पतालका अनुसार रु. २७ करोडभन्दा बढी मूल्यमा खरिद सम्झौता भएको उक्त मेसिनको ६० प्रतिशत रकम भुक्तानी भइसकेको छ भने आठ लाख ६३ हजार अमेरिकी डलर भुक्तानी गर्न बाँकी छ । *रासस*

# वर्षाले विभिन्न राजमार्ग प्रभावित
# केही सडकमा राति सवारी सञ्चालन गर्न नपाइने

काठमाडौँ, ३ साउन । अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा बाढीपहिरोले राजमार्ग प्रभावित भएका छन् । केही सडक खण्ड पूर्ण रूपमा अवरुद्ध भएका छन् भने केहीमा राति सवारी सञ्चालनमा रोक लगाइएको छ ।

नेपाल प्रहरीका अनुसार सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गरी काभ्रेपलाञ्चोक र सिन्धुली जोड्ने बीपी राजमार्गअन्तर्गत खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी सडक खण्डमा हरेक दिन बेलुका ६:०० देखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा अर्को सूचना नभएसम्म रोक लगाइएको छ । यद्यपि बिहान ४:०० देखि बेलुका ६:०० बजेसम्म सवारी सञ्चालनको व्यवस्था गरिएको छ ।

त्यसैगरी, कान्ति लोकपथमा अपराह्न ५:०० देखि बिहान ५:०० बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा अर्को सूचना नभएसम्म रोक लगाइएको छ । इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्गमा सडक हिलो बनेपछि सवारी आवागमन बन्द भएको छ ।

यसैगरी, अर्घाखाँचीको पाणिनि गाउँपालिका-२ ढुङ्गेखोलामा माथिबाट ढुङ्गा खसेपछि सालझण्डी-ढोरपाटन सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ ।

सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिका-४ जिरोकिलो र वडा नं २ कोदारी क्षेत्रमा पहिरो तथा लेदोसहितको ढुङ्गा-माटो खसेपछि अरनिको राजमार्ग पनि पूर्ण रूपमा अवरुद्ध भएको छ ।

बागलुङको जैमिनी नगरपालिका-८ बेलबगर क्षेत्रमा पहिरो खसेपछि कालीगण्डकी करिडोर अवरुद्ध भएको छ । काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-७ घुमाउने, वडा नं ८ गिम्दी तथा वडा नं ९ बिरुवाडाँडा र पिन्थली क्षेत्रमा पहिरो खसेकाले बीपी राजमार्ग पनि पूर्ण रूपमा अवरुद्ध भएको छ । *रासस*

। सम्पादकीय ।

# नेतृत्वको होडबाजी र भागबन्डाको कारण प्रदेश सरकारमा हेरफेर

नेतृत्वको होडबाजी र भागबन्डाको कारण प्रदेश सरकार छिनछिनमा परिवर्तन भइरहेको हो । प्रदेश सरकारको नेतृत्व आलोपालो नहुँदा, बजेट निर्माणमा सरकारमा सहभागी दलसँग परामर्श नहुँदा या बजेट निर्माणमा सरकारमा सहभागी दलहरूसँग परामर्श नहुँदा या एकतर्फी ढङ्गले सरकार अघि बढ्दा प्रदेश सरकार स्थिर नभएको हो । दलीय गठबन्धनको सरकारमा आफ्नो स्वार्थमा केही बाधा या अवरोध भएपछि सरकारको नेतृत्व फेर्न तम्सिहाल्ने प्रवृत्तिले सहभागी दलहरूबिच विवाद उत्कर्षमा पुगेर प्रदेश सरकार हेरफेर भएको देखिन्छ । नेका र एमालेबिचको सत्ता समीकरण नमिलेकोले या नेका र एमोलेको आलोपालो सरकार सञ्चालनसम्बन्धी सहमतिअनुसार सरकार सञ्चालन नभएकोले प्रदेश सरकार नटिकेको यथार्थ हो । एउटै पार्टीको बहुमत नहुँदा प्रदेश प्रदेशमा सरकार परिवर्तन सकसपूर्ण रहेको विश्लेषण छ ।

एकातिर नेका र एमालेबिच सहमति तोड्दै दलहरू प्रदेश सरकारको नेतृत्व फेर्ने धुनमा लागेका छन् भने अर्कोतिर राजीनामा दिँदै प्रदेश सरकारलाई अप्ठेरो पार्ने काम गरेका छन् । सारमा, सातवटै प्रदेशका सरकार सञ्चालन गरिरहेका नेका र एमालेबिच केन्द्र र प्रदेशमा असमझदारी उत्पन्न भएसँगै सातवटै प्रदेशको सरकार ढल्ने र नयाँ सरकार बन्ने स्थितिमा छ । २०८१ सालमा एमाले र नेकाले सङ्घीय सरकार गठन गरेपछि सोहीअनुसार प्रदेश सरकारहरू गठन भएको थियो । संसदीय व्यवस्थामा सरकारको गठन-विघटनलाई स्वाभाविक माने पनि छिनछिनमा फेरिएको अस्थिर सरकारको सन्देशले गाउँ-बस्तीमा नकारात्मक भाष्य सिर्जना हुनु स्वाभाविक हो । यसरी नै सङ्घीय सरकार पनि दलीय गठबन्धनको कारण विगतमा पटक-पटक सरकारको नेतृत्व फेरिएको थियो । सङ्घीय सरकारको हेरफेर प्रधानमन्त्री बन्ने अभिलाषाले भएको थियो । त्यसबेला कहिले नेका सम्मिलित माओवदीको नेतृत्वमा र कहिले नेका सम्मिलित एमालेको नेतृत्वमा सरकार गठन भएको थियो । देशको पहिलो दल भएर पनि नेकाको नेतृत्वमा सरकार बनेन । केपी ओलीको नेतृत्वमा सरकार बन्दा नेकाको पालो नआउँदै सरकार छोड्नुपर्‍यो ।

अहिले पनि सङ्घीय सरकारको नेतृत्व नै हेरफेर पो हुने हो कि भन्ने चर्चा नभएको होइन । मन्त्रिमण्डलको हेरफेर हुने कुरा त सतहमा आइसकेको छ । आ-आफ्नो मन्त्रालयले जनताको निम्ति चित्तबुझ्दो काम गर्न नसकेको कारण मन्त्रीहरू हेरफेर हुने चर्चाको विषय बनेको हो । बेलाबखत चर्चामा आइरहने मन्त्री हेरफेरको प्रसङ्ग रास्वपाका पार्टी सभापति लामिछाने र प्रधानमन्त्री बालेनको टकराव या आ-आफ्नो मान्छे राख्नैपर्ने होडबाजीले आन्तरिक विवाद बढेको होइन भन्न मिल्दैन । सायद, पार्टी सभापतिको विचाराधीन मुद्दामा क्लिन चिट पाएको भए प्रमको दाबी गर्न उनी पछि पर्ने छैनन् । मन्त्रीहरूको क्रियाकलाप प्रधानमन्त्री बालेनलाई चित्त नबुझेको प्रसङ्गले सरकारको काम पार्टीलाई र पार्टीको काम प्रमलाई चित्त नबुझेको पनि अर्को चर्चाको विषय बनेको छ ।

पहिले फरक फरक दलको संयुक्त सरकार बनेको हुँदा विवाद हुनु अस्वाभाविक होइन । सरकारको नेतृत्व गरेको दलले सरकारमा सहभागी अरू दललाई बेवास्ता गर्‍यो भन्ने दुखेसो प्रकाशमा आएको थियो । सिद्धान्तहीन दलीय गठबन्धनको सरकार बनेको हुँदा विवाद चरमोत्कर्षमा पुगेर सरकारको नेतृत्व नै हेरफेर भएको थियो । अहिले झन्डै दुईतिहाइ मत प्राप्त एउटै दलको नेतृत्वमा सरकार छ । एउटै दलको नेतृत्वमा सरकार गठन भए पनि आ-आफ्नो जिद्दी र आफूले भनेझैँ हुनुपर्ने हुङ्कारले रास्वपाभित्र आन्तरिक विवाद बढेको देखिन्छ । विवाद उत्कर्षमा पुग्ला या नपुग्ला ? विवाद उत्कर्षमा पुगेर सरकारको नेतृत्व हेरफेर होला या नहोला ? त्यो अर्को पाटो हो ।

सबै प्रदेश सरकारको नेतृत्व हेरफेर गर्नैपर्ने नेका र एमालेभित्र के अन्तरविरोध भयो ? कसले कसलाई विश्वासघात गर्‍यो या धोका दियो ? धोका दियो भने के धोका दियो ? कसको कसले के स्वार्थमा लात पुर्‍यायो ? सङ्घीय सदनमा सरकारलाई आच्छुआच्छु पार्ने विपक्षी दलका नेता र सांसदहरूले आ-आफ्नै दलको प्रदेश सरकारमा हेरफेर हुन लाग्दा त्यसले जनतामा सकारात्मक सन्देश जाला कि नकारात्मक ! सारमा, पुँजीवादी व्यवस्थामा पद, पैसाको निम्ति होडबाजी हुँदोरहेछ; नेतृत्वको निम्ति आफू आफूबिच तँछाडमछाड हुँदोरहेछ भन्ने थाहा हुन्छ । संसद्मा सत्तारूढ दल रास्वपाका सांसदहरू पनि सन्तुष्ट छैनन् । उनीहरूले सरकारी कार्यशैलीप्रति असन्तोष पोख्दै सरकारलाई खबरदारी गरेका छन् । मुख्य कुरा सरकारको नेतृत्व गर्नु होइन; गठित सरकारले देश र जनताको हितमा इमानदारीपूर्वक सेवा गर्ने हो; बहुमत जनताको पक्षमा ऐन-कानुन बनाएर सेवा गर्ने हो । सङ्घीय, प्रदेश या स्थानीय जुनसुकै दलको नेतृत्वमा सरकार बने पनि देश र जनताप्रति समर्पित भएर काम गर्ने हो ।

# "धेरै पटकको जेल जीवनको कारण व्यक्तिगत चिन्ताभन्दा पनि हाम्रो समय खेर नजाओस् भन्ने चिन्ता मनमा रहिरहन्थ्यो"



*शत्रुहरूको निरन्तर प्रहार हुँदा उत्तर पनि तत्काल दिनुपर्ने कारणले हामी सदा तयार रहनु जरूरी थियो । यसकारण, सेन्सरबाट समेत स्वीकार हुने गरी शोभालाई जानकारी दिनु अनि दिदीबहिनी र महिलाहरूसम्म पुग्ने अनुमानमा चिठीहरू लेखिएको थियो । सायद, निर्णय सही थियो ।*

२०२०-२२ सालमा भएको विद्यार्थी आन्दोलनको सिलसिलामा काठमाडौँ, पाटन र भक्तपुरका चारजना शिक्षक पनि पक्राउ परेका थिए । काठमाडौँबाट विष्णुबहादुर श्रेष्ठ (अङ्ग्रेजी र गणितका शिक्षक), डिल्लीबजारका रघु गुरू, पाटनका रामबहादुर श्रेष्ठ र भक्तपुरबाट म पक्राउ परेँ । नख्खु जेलमा लगेर मेरो पक्राउ पुर्जीमा 'नजर बन्द' लेखिएकोले जेलमा ठुली फुपू भेट्न आउनुहुँदा जेल प्रशासनले भेट्न दिएको थिएन ।

त्यसबेला मैले येनान गोष्ठीमा 'कला र साहित्यमा माओ त्सेतुङको प्रवचन' बारे चीनको एक अङ्ग्रेजी म्यागेजिन (पत्रिका) को जनमुक्ति सेनाको पत्रिकाको एक लेख (अप्रिसियसन) को अनुवाद (त्यसबेलासम्म नेपाली भाषामा अनुवाद छापिसकेको थिएन) नेपालीमा गरेको थिएँ ।

पछि सो लेखको अनुवाद 'श्रमिक' मा दुई-तीन पटक छापिएको अनुभव हुन्छ ।

सानोठिमीको प्राविधिक शिक्षा तालिम केन्द्रमा म श्री पद्म हाइस्कूलको तर्फबाट सचिवालय विज्ञान (सेक्रेटरियल साइन्स) को तालिममा थिएँ । त्यस अमेरिकी प्रोजेक्टमा १३ अञ्चलका शिक्षकहरू थिए । अमेरिकी पर्यटकहरू मात्र आए पनि उठ्नुपर्ने र नेपाली मन्त्रीहरू निरीक्षणमा आए प्रशिक्षार्थीहरू उठ्नु नपर्ने परिस्थितिमा शिक्षकहरूमा असन्तुष्ट हुनु स्वाभाविक थियो । त्यसको विरोधमा हडताल हुँदा म दोस्रोपटक पक्राउ परेँ । पछि म नख्खु जेलमा लगिएँ ।

त्यसबेला जेलको स्थिति र बन्दीहरूबारे कथाहरू लेखेको सम्झन्छु ।

भक्तपुर दरबार चोकमा अमेरिकी दूतावासले चन्द्रमामा रकेट पठाएको बारे एक फोटो प्रदर्शन हुँदै थियो । त्यसबेला युवा, विद्यार्थी, शिक्षक र किसानहरूबाट भियतनाममाथि अमेरिकी आक्रमणको विरोधमा फोटो प्रदर्शनी र विरोध प्रदर्शन भएको थियो । त्यसबेला पक्राउ हुनेहरूमा म पनि परेँ, अरू साथीहरू छुटे र म पुन: नख्खु जेल पठाइएँ ।

त्यसबेला मैले सिधासादा बन्दीहरूलाई पढाउने काम गरेँ । रूसी लेखक टल्स्टाएका निर्दोष व्यक्तिहरू हत्याको मुद्दामा लामो समयसम्म अमानवीय सजाय भोगिरहेको कथाहरूबाट म प्रभावित थिएँ ।

त्यसबेला मैले नेपाली, युरोपेली र अमेरिकी इतिहास र साहित्यहरूको अध्ययनमा समय खर्च गरेँ । सोअनुसार केही लेखहरू 'मजदुर' पत्रिकामा धाराबाहिक रूपमा छापिए ।

चाँगुमा एक ठुलो जग्गा धनीले मोहियानी हक नदिँदा किसान सङ्घर्ष भड्किएको थियो । संयोगले म त्यसबेला काठमाडौँमा थिएँ । फर्किँदा बाटैमा पक्राउ परेँ । मेरो प्रस्ट उत्तर थियो - सङ्घर्षको निर्णय किसान सङ्गठनले गर्छ, म किसान सङ्गठनको सदस्य होइन । जोताहा किसानहरूको माग जायज छ, कानुनसम्मत छ र म त्यसको पक्षमा छु ।

प्रशासकहरूसँग पटकपटक छलफलपछि भक्तपुरमै प्रहरीले छोड्न ल्यायो ।

यसरी अनेक घटनाहरूमा पक्राउ गर्ने र छोड्ने गर्थ्यो प्रशासनले ।

**भूमिगत**

भक्तपुरमा नवदुर्गा सहकारी संस्थामा भ्रष्टाचार भएकोमा बचतकर्ता किसानहरूले सहकारी सदस्य भएका जनतालाई हिसाब-किताब देखाउन अस्वीकार गर्ने सभापतिलाई उल्टो टोपी लगाई नगर घुमाउने सङ्घर्षमा धेरै साथीहरू पक्राउ परे र म सङ्गठनको निर्णयअनुसार पहिलोचोटि भूमिगत भएँ ।

नेपालको भूमि सुस्तामा भारतीय अतिक्रमणको विरोधमा र भ्रष्टाचारविरोधी सङ्घर्षको कारण म भूमिगत अवस्थामा जनताको सेवामा लागेँ ।

भक्तपुर नगरपालिकामा जनताका प्रतिनिधिहरूको बहुमत थियो । त्यसकारण, सरकारको थिचोमिचो थियो । अर्कोतिर भियतनाममा अमेरिकी साम्राज्यवादको आक्रमणको विरोधमा दरबार स्क्वायरमा राष्ट्रपति जोनसन र अमेरिकीमन्त्री म्याकन माराको विरोधमा जनताले विरोध गर्दा पुन: भूमिगत जान बाध्य भएँ । त्यसैबेला मैले एउटा कविता लेखेको थिएँ - 'साथी, म भियतनाम जान्छु ।' त्यो कविता शशिकला शर्माद्वारा सम्पादित 'स्वास्नीमान्छे' त्रैमासिक पत्रिकामा छापिएको थियो । त्यो कविता शारदा माविको सभा भवनमा आयोजित कविता गोष्ठीमा पाठ गरेको थिएँ ।

**१० वर्ष भारत प्रवास**

सन् १९७० देखि १९८० सम्म म सङ्गठनको निर्णयअनुसार भारत प्रवासमा गई नेपाली जनताको सेवामा लागेँ । प्रगतिशील साहित्य र कम्युनिस्ट आन्दोलनको सैद्धान्तिक स्पष्टताको निम्ति काम गरेँ । जस्तै :-

क) 'जनताको साहित्य' साहित्यिक प्रकाशन चालू राखेँ ।

ख) 'जनताको साहित्य र साहित्यकार' एक सरल पुस्तक लेखेँ र समयमै प्रकाशित भयो ।

नेपाल र भारतको सीमामा रहेका जनताका निम्ति केही भारतीय प्रगतिशील र साथीहरूसँग मिलेर 'आधार', 'समाचार संसद्', 'ध्रुवतारा' र 'नेपाल तराई' हिन्दी भाषामा प्रकाशित गरियो । पछि 'आधार' नेपाली भाषामा पनि प्रकाशित गरियो ।

नेपालमा बस्दा आफ्नो नामबाट पुस्तक प्रकाशित गर्न नमिल्ने हुँदा 'हरिबहादुर श्रेष्ठ' को नामलाई प्रयोग गरेँ । प्रवासमा बस्दा केन्द्रीय समितिमा 'रोहित' को नामबाट काम गर्थें । त्यस्तै 'रामबहादुर ज्यापु' र अन्य उपनामहरू पनि प्रयोग गर्ने गर्थें ।

**कम्युनिस्ट आन्दोलनबारे**

१) नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन ( मुख्य शत्रुको पहिचान र आन्दोलनबारे अवसरवादको विरोधमा)

२) रूसी-संशोधनवाद सामाजिक - साम्राज्यवादमा पतन

३) नेपाल भारत सम्बन्ध र भारत

४) विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू

५) नेपालको तराईको किसान आन्दोलनबारे (ऐतिहासिक किसान आन्दोलन : एक अध्ययन (बारा, रौतहट, धनुषा, सिराहा र सप्तरी )

६) समाज विकासको एक झलक (१५-२० वर्षपछि मात्र यो पुस्तक नेपालमा प्रकाशित भयो ।)

भारत प्रवासको अन्तिम समयमा पार्टी (नेमकिपा) भित्र घुसेका त्रोत्स्कीवादी र आतङ्कवादीहरूको गोली प्रहारमा परेँ र बाँचेँ ।

**जनमतसङ्ग्रहको आह्वान र नेपाल प्रवेश**

२०४२ सालमा ५ वाम आन्दोलनमा पाटनको सत्याग्रहमा म पक्राउमा परेँ । नख्खु जेलमा ५ महिना राखियो ।

२०४५ सालमा राज्यस्तरबाट गरिएको षड्यन्त्रमा २० महिनाको जेल जीवनमा दुई चार महिना काठमाडौँको केन्द्रीय कारागारमा राखिएको र देशमा बहुदलको पक्षमा आन्दोलन चर्केपछि 'कोर्ट गार्ड' (चौबीसै घण्टा प्रहरीको निगरानीमा) गुप्त रूपमा प्रहरीको केन्द्रीय कारागारमा राखियो । फेरि म नख्खु जेलमा लगिएँ ।

त्यसबेला परिवार र खासगरी शोभालाई भक्तपुरबारे सान्है थोरै जानकारी भएको, आफ्नो मानिस र अरू परचक्रीहरूबारे केही थाहा थिएन । त्यस्तो जानकारी दिने समय र अवस्था नै भएन । उनी नख्खुमा भेट्न आउँदा उनको मुखले आफ्नो मनको सुख दु:ख बताउनुभन्दा पनि आँखाको आँसुको अभिव्यक्तिबाट बुझेर मैले उनको मन र मस्तिष्कलाई सान्त्वना दिन, मेरो र दलको उद्देश्यप्रति कुनै भ्रम र अस्पष्टता नहोस् भनी पत्रको सहारा लिने उपाय रोजेँ । एकातिर तत्कालीन दु:ख र पीडाबाट म र परिवारको चासो, अनि शोभाकै मनलाई ढाडस दिनु थियो । हामीबाट कुनै पनि गल्ती र नराम्रो काम भएको छैन र हामी कुनै पनि रूपमा पछि हट्नुपर्ने कुरा होइन । हामी देश र जनताको नि:स्वार्थ रूपले सेवामा लागेका छौँ ।

त्यसैको निम्ति विद्यार्थीलाई विज्ञान प्रयोगशालामा आवश्यक सामग्रीहरू ( आप्रटस) देखाएर शिक्षकले प्रस्ट पारेजस्तै भक्तपुर र भक्तपुरका जनताको देशप्रतिको योगदानबारे एकएक वस्तुलाई परिचय गराएजस्तै मैले भक्तपुरको भूगोल, इतिहास, कला-संस्कृति र हाम्रो निश्छल भावनालाई छर्लङ्ग पार्न खोजेँ । मनमा केही कुरा नपाउनु भनेको दु:ख हो, जानकारी पाउनु सुखको अनुभूति हो । त्यसमाथि व्यक्तिको गहिरो अध्ययनले उनीमा साहस र लड्ने आँटको सिर्जना होस् भन्ने हो । हाम्रो जेल मुक्तिको समय ढिलो भए पनि बालबच्चालाई हुर्काउनेबारे विषयवस्तुको स्पष्टताले हिम्मतमा वृद्धि हुन्छ । पछि २-४ वर्षपछि उनको शान्त मुद्रा हेरी पत्रको कुरा उप्काउँदा उनले भनिन् - "मैले पत्रलाई दोहोर्‍याई तेहर्‍याई पढेँ, मलाई एक प्रकारले मनलाई सान्त्वना दिने र सङ्घर्ष गर्न ठुलो भूमिका खेल्थ्यो ।"

पहिलेका जेलका यात्राहरूमा चिठी लेखेरै बताउनुपर्ने केही थिएन, आमा, भाइ र बहिनीहरूलाई ! बरू अरू विषय थाहा पाउने अन्य विषय लेखनमा ध्यान जान्थ्यो ।

नेपाली साहित्यमा विश्वका विभिन्न देशका बारेमा थोरै मात्र पुस्तकहरू थिए । यसकारण, म पहिलो र दोस्रो विश्वयुद्धका चर्चित व्यक्तिहरूको बारे आलोचनात्मक अध्ययन प्रस्तुत गर्न चाहन्थेँ । तर, शत्रुहरूको निरन्तर प्रहार हुँदा उत्तर पनि तत्काल दिनुपर्ने कारणले हामी सदा तयार रहनु जरूरी थियो । यसकारण, सेन्सरबाट समेत स्वीकार हुने गरी शोभालाई जानकारी दिनु अनि दिदीबहिनी र महिलाहरूसम्म पुग्ने अनुमानमा चिठीहरू लेखिएको थियो । सायद, निर्णय सही थियो ।

धेरै पटकको जेल जीवनको कारण व्यक्तिगत चिन्ताभन्दा पनि हाम्रो समय खेर नजाओस् भन्ने चिन्ता मनमा रहिरहन्थ्यो । तर, शत्रुहरूको झूटा आरोप र लान्छनाहरूको उत्तर जरूरी थियो जो हामी सबै तत्काल र प्रतिकार गर्न सफल भयौँ । आफूसहित ६७ जना साथीहरूलाई सर्वस्वसहित ज्यान सजाय हुने मुद्दा थियो ।

*बाँकी पृष्ठ ५ मा*

## सन्दर्भ : शोभा प्रधानको चौथो वार्षिक स्मृति सभा

# कैयौँ प्रहारले गाल्न नसकेको वन्दनीय चट्टानी नारी ! -३

✍ राजामान बिजुक्छेँ



।४।

भक्तपुर काण्डकै सिलसिलामा हङकङबाट आएकी एउटी मानव अधिकारकर्मी तथा महिला पत्रकारलाई नेपाल सरकारले राज्यस्तरबाट मच्चाएको घोर दमन र महिला तथा पुरुष साथीहरूले भोगिरहेका दुःखकष्ट सुनाइरहँदा उनका आँखा रसाएको स्मृतिमा अझै ताजै छ । शोभा भाउजूलाई उनले सहानुभूति प्रकट गर्दा अन्तिममा मैले भनेको थिएँ - "She has a sunny personality and a natural resilience." उत्तरमा उनले भनेकी थिइन्, "I know. I like her congeniality. She is great !"

खस भाषा बोल्न नजान्ने सान्है सोझी, बुढ्यौलीमा पनि धपक्क बलेकी सासूआमाको साथमा एउटा बच्चा काखमा अर्को गर्भमा राख्दै गर्दा डर धम्की देखाउँदै छाडा व्यवहारले प्रस्तुत हुने ती असभ्य प्रहरी जत्थासँग कसरी निडर भएर शोभा प्रधानले सामना गर्नुभयो होला; सम्झिँदा पनि जो कसैको जिउ सिरिङ हुन्छ होला ! कारागारबाट जेल चलानपछि छोरोलाई काख च्यापी कुनै प्रकारको मौसमको वास्ता नगरी आफ्नो श्रीमान्लाई नखु जेलमा भेट्न जान भक्तपुरबाट दुइटा बस चढ्नु पर्थ्यो । वैशाख-जेठको प्रचण्ड गर्मी अनि असार र साउनको झरीसँग पनि शोभा भाउजूले मितेरी गाँस्नुभयो । तर, संसारको इतिहासले देखाइसकेको छ - असत्य कदापि सदाको लागि सत्य साबित हुन सक्दैन ।

बेग्लै भेषमा अपरिचित मान्छेहरूको डरलाग्दो त्यो असामान्य हाकपारीले आमाको न्यानो काखमा असीम स्नेह र ममताको स्पर्शसँगै लुटपुटु गरिरहने त्यो अबोध बालकउपर के बित्यो होला ? घरेलु र सामाजिक अवस्था सामान्य छँदा भान्साका लागि आवश्यक सरसामान तथा सागसब्जी किन्न जेठी बुहारी भएर कहिल्यै बजार नगएकी शोभा प्रधान त्यतिबेला चुलोचौकाका लागि दुई जिउकी भएनि बजार धाउनुपर्थ्यो; बजार जाँदा-आउँदा केही दुष्ट आईमाईहरूले पछाडि फर्केर थुक्ने र 'हत्याराकी स्वास्नी, अलच्छिनी' भनेर झिरजस्तै तीखो, तुच्छ वचनहरूले प्रहार गर्थे । आफ्नी बुहारीप्रति यस्तो अमानवीय व्यवहार देखेर थलिनुभएकी हाम्री वन्दनीय आमाले नाति सुवेगलाई काखमा राखी लुकीछिपिको एउटा भेटमा गन्हुङ्गो मन लिएर आफ्नोको पीडा मसँग साझा गर्नुभएको त्यो दिन बिर्सन आज पनि सहज छैन, "बाबू, म्हा झ्यातुमा छं भाउजुता सहयाय् मफेयुक यकोहे दुःख जुल, मखुयैं जुल । थःथीथी धपींसंहे धोतुक नापालासां मखांछुय वानिगु । जलाखालां झिगु खो चुलाई धक खापा तिङ तायुतैगु, गपाचक हेपेया फगु !" *(अर्थात्, दुई जिउकी तिम्री भाउजूलाई खपी नसक्ने गरी सान्है दुःख भो; हुनु नहुनु भो ! आफन्तहरूले पनि बजार जाँदा ठ्याक्कै भेटिए पनि बोल्न पर्ला भनेर मुन्टो बटारेर जान्थे । छर-छिमेकले पनि मुख जुध्ला कि भनेर घरका झ्याल ढोकाहरू बन्द गरेका हुन्थे । कहाँसम्म हेप्न सक्या !)* त्यत्रो 'महाभारत' आइलागेर बज्रपातसँग सामना गरिरहेका आमा र भाउजूलाई भेट्न निर्भय भएर घरमै आउजाउ गर्नेहरू हाम्रै दिदीबहिनी र सङ्गठनका केही महिला साथीहरू मात्र थिए जसले आमा र भाउजूको चहऱ्याइरहेको घाउमा मलमपट्टीको काम गर्थ्यो । मान्यवर महिला पाठकहरूले त्यो अवस्थाको शोभा प्रधानको स्थानमा एकपल्ट आफूलाई राखेर सोच्नुस् त ! कुनै पनि नारीको मन सायद अनायासै भारी हुन्छ; सास फेर्न पनि गाऱ्हो हुन्छ ।


**मुलुककै पहिलो महिला पत्रकार भेटघाट**

आफूलाई बौद्धिक जमातको अब्बल व्यक्तित्व ठान्ने केही नेपाली प्राध्यापकहरू अचेल सामाजिक सञ्जालहरूमार्फत जापान, नर्वे, स्विडेन, डेनमार्क, बेलायत, बेल्जियम, स्पेन, लक्जेम्बर, नेदरल्यान्डजस्ता देशहरू राजतन्त्रकै कारण सम्पन्न र समृद्ध भएका हुन्; त्यस उसले नेपालमा पनि अब राजतन्त्र आवश्यक छ भनेर फलाकिरहेको हामी पाउँछौं । तर, ती साम्राज्यवादी मुलुकहरू प्राकृतिक स्रोतसाधनमा धनी भएर पनि विज्ञान र प्रविधिमा किन बलियो छैनन् तथा मुलुकमा देशप्रेमी राजनीतिक नेताहरूको खडेरीका कारण संसारका कैयौं गरिब तथा कमजोर देशहरूलाई कसरी अत्याचार गरी लुटे; कसरी त्यहाँका निर्दोष जनताको निर्मम हत्या गरे भन्ने वास्तविक इतिहासबारे तथाकथित नेपालका ती 'पण्डित' हरू बोल्दैनन् । नयाँ पुस्ताले २०४५ सालको 'भक्तपुर काण्ड' बारे विभिन्न प्रकाशनहरूमा प्रकाशित लेख रचनाहरूको अध्ययन र त्यससँग सम्बन्धित कठोर यातनाका सिकार बनेका भुक्तभोगीहरूसँग भलाकुसारी गर्दा राजतन्त्रको पञ्चायती शासन व्यवस्था कति क्रूर, आततायी र जनघाती थियो भन्ने कुरो घामजत्तिकै छर्लङ्ग हुन्छ ।

२०४५ सालको 'भक्तपुर काण्ड' बारे विदेश तथा स्वदेशका विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार र लेखहरू, वरिष्ठ तथा युवा वकिलहरूको तर्कसङ्गत बहस एवम् विचारहरू अहिले पनि सुरक्षित छन् र अध्ययन गर्न सकिन्छ । त्यतिबेला गल्ली अनि चोकहरूमा रातदिन, हुरी बतास र वर्षाको समेत पर्वाह नगरी महिला साथीहरू जो कसैको घरभित्र पसी कुनै पनि पुरुषलाई पक्राउ गर्नबाट प्रहरी प्रशासनलाई रोक्न विद्रोहको अग्निकुण्ड बनाई प्रतिकारमा उत्रन्थे । यसरी महिला साथीहरूले गरेका प्रहरी निषेध, जागराम र विरोधका कारण अनगिन्ती कुप्रयासका बाबजुद पनि पञ्चायती सरकारले 'सानो' भनिने नेमकिपालाई सजिलै गाल्न सकेन ।

।५।

यसै परिस्थितिलाई मध्यनजर गर्दै शोभा भाउजूको विशेष उपस्थितिमा वरिष्ठ अधिवक्ता आदरणीय कृष्णप्रसाद भट्टराईको रामशाह पथ,




काठमाडौंस्थित निवासमा नेपालकै पहिलो महिला पत्रकार सम्मेलन गरियो । हाकुपटासीमा सजिएका कुनै पनि महिला समूह देख्ने बित्तिकै प्रहरी झस्किहाल्थ्यो । त्यो नेवारी परम्पराको पोशाकले पञ्चायती व्यवस्थाका शासकहरूलाई महिला क्रान्तिकारीको लवाइजस्तो छनक दिन्थ्यो । त्यसैले, उक्त पत्रकार सम्मेलनमा सहभागी हुन आएका हाम्रा महिला साथीहरूलाई माइतीघरदेखि प्रहरीले पछ्याइरहेको हुन्थ्यो ।

उक्त पत्रकार भेटघाटमा मसहित पुरुषको सङ्ख्या सान्है न्यून थियो अन्यथा त्यस कार्यक्रम भइरहेको बैठक कक्षभित्रै प्रहरीको ठाडो हस्तक्षेप हुने बलियो सम्भावना थियो । प्रहरी प्रशासनको छेकबारको बाबजुद पनि न्यायप्रेमी महानुभावहरूको साथ, सहयोग र भक्तपुरका साहसी महिला साथीहरूको जुझारूपनले अन्ततोगत्वा मुलुकमा महिलाहरूको अगुवाइमा भएको प्रथम औपचारिक पत्रकार भेटघाटले राज्यस्तरबाट नेमकिपालाई निमिट्यान्न पार्न पञ्चायती सरकारले धेरै वर्षदेखिको गृहकार्यपछि रचिएको षड्यन्त्र हो भन्ने वास्तविकतालाई उजागर गर्न सफल भयो । वर्दीबिनाको प्रहरी (बोलीचाली भाषामा सीआईडी) र बाहिर उभिएका प्रहरी जवानहरूबाट कुनै प्रकारको जोरजुलुम र हस्तक्षेप हुन सकेन । 'लाटाले केरा हेरेजस्तै' मात्र भयो । धेरै पत्रिकाले यस ऐतिहासिक पत्रकार भेटघाटलाई प्राथमिकता दिएका कारण नेपाल अधिराज्यभर यो घटना महत्त्वपूर्ण समाचारको रूपमा फैलियो ।

**निवासमा धेरै उच्चारण हुने शब्द 'शोभा मिस'**

भाउजूले एउटी गृहिणी, दुई सन्तानकी आमा, एक शिक्षिका र 'धर्मपत्नी' को भूमिका निभाउनुहुन्थ्यो । घरमा अन्य महिलाहरू नहुँदा वा एकल परिवार भएको कारण सबैतिर आफै भ्याउनुपर्ने बाध्यता उहाँलाई थियो । राजनीतिशास्त्र, इतिहास, अर्थशास्त्र, साहित्य, भूगोल, परराष्ट्र नीति, अन्तर्राष्ट्रिय भू-राजनीतिलगायतका थुप्रै विषयवस्तुहरूमा चासो, गहिरो ज्ञान र अध्ययन भएका कारण ती विविध विषयहरूका लब्धप्रतिष्ठित व्यक्तिहरू नेमकिपाका श्रद्धेय अध्यक्षसँग भेटघाटको लागि कमलविनायक निवास आइरहनुहुन्थ्यो । आफ्नो श्रीमान् सधैँजसो अध्ययन, पार्टीको कार्य, राजनीतिक बैठक, सभा-सम्मेलन, साहित्य गोष्ठी, विभिन्न कलेज एवम् विश्वविद्यालयका प्राध्यापक तथा विदेशी कूटनीतिक आयोग उच्चपदस्थ अधिकारी तथा राजदूत, अन्य राजनीतिक पार्टीका नेताहरूसँगको भेटघाटमै व्यस्त रहने हुँदा चाहेर पनि घरेलु काममा आफूलाई सघाउन उहाँसँग समय नै हुँदैनथ्यो भन्ने कुरा भाउजूलाई राम्ररी थाहा थियो । 'अतिथि देवो भवः' भन्ने नेपाली संस्कारलाई नेवार समुदायले अझ पनि ताजै राखेको पाइन्छ । अध्यक्षज्यू पनि यसको हिमायती हुनुहुन्छ ।

कहिलेकाहीं नेवारी परम्परा र संस्कृतिको ज्ञान भएका विभिन्न जिल्लाबाट पाल्नुहुने बुद्धिजीवी तथा राजनीतिक व्यक्तित्वहरूले भेटघाटकै क्रममा आफ्नै जस्तो ठानी चियासँगै नेवारी खाजाको परिकारमध्येको एउटा योमरी खाने मनसाय व्यक्त गर्नुहुन्थ्यो । यतिखेर नम्र भाषामै 'शोभा मिस' भन्ने दुइटा शब्दको उच्चारण हुन्थ्यो । भाउजू तल झर्नेबित्तिकै "लौ न शोभा मिस साथीहरूलाई योमरीको व्यवस्था गर्नुपर्ने भो !" उक्त परिकार बनाउन भान्सा कोठामा के के खाद्य सामग्रीहरूको चाँजोपाँजो हुनुपर्छ; एक्लैले योमरी बनाउन कतिको सहज हुन्छ, हुँदैन; फेरि सँगै चिया पनि ! गृहिणीका यी व्यावहारिक घरेलु कार्यबारे सायद अध्यक्षज्यूलाई धेरै थाहा नहुन सक्छ । टाढाबाट आउनुभएका महानुभावहरूलाई स्वागत सत्कार गर्न भाउजू व्यस्तताका बाबजुद पनि सङ्कोच मान्नु हुन्नथ्यो ।

प्रत्येक असल शिक्षकले विद्यालयमा भोलिपल्टको अध्यापनको लागि घरमा राम्रो तयारी गरेकै हुन्छ । शिक्षिकाको रूपमा भाउजू पनि यस्ता शैक्षिक कार्यमा व्यस्त रहिरहँदा पनि कुनै बेला सानो समूहमा भेटघाटका लागि उपस्थित हुने व्यक्तिहरूमा कोही चिनी नभएको फिका चिया, कोही दूध भएको चिया त कोही चिनी कम भएको चिया मन पराउनेहरू हुन्थे । अनि फेरि उही 'शोभा मिस' भन्ने दुई शब्दको उच्चारण हुन्थ्यो । पाहुनाहरूको परिचयसँगै चाहनाको पनि विनम्रतापूर्वक भाउजूलाई जानकारी गराइन्थ्यो । विद्यालयको पाठ्योजनालाई अधुरो छोड्दै अतिथिहरूको सत्कारका लागि उहाँ भान्सा प्रवेश गरिहाल्नुहुन्थ्यो किनभने 'समझदारके लिए इशारा नै काफी थियो !"

।६।

नेवारी समाजमा मौसमअनुसार ठुला र साना नखाचखा (चाडपर्वहरू) मा विविध थरीका परिकारहरू तयार गरिन्छ । खानलाई केही समय मात्र लाग्छ तर ती परिकारहरू पकाएर तयार पार्न कम समयले भ्याउँदैन । एकदिन हामी भाउजूसँग गफिँदै थियौँ । त्यही 'शोभा मिस' भन्ने दुइटा शब्दको उच्चारण गर्दै हामी भएको ठाउँमै दाजु आउनुभयो । "भर्खरै आउनुभएका मान्यवरहरू चतामारीसँगै व खान मन पराउनुहुन्छ है शोभा मिस ?" भनेर भेटघाटको क्रम जारी राख्न उहाँ तल जानुभयो । हाम्रो रमाइलो घरेलु भलाकुसारीको एकैछिनमा खेल खतम ! पार्टीका धेरै साथीहरूलाई थाहै होला - आफ्नो ज्यानले बेजोडसँग टेको दिउन्जेल तथा स्तन र पाठेघरको अर्बुदरोग (Cancer) बाट पीडित भइसकेपश्चात् पनि 'शोभा मिस' को यो दिनचर्याको सिलसिला यथावत नै रहयो । रिसानी माफ- भन्न मिल्छ, मिल्दैन वा लेख्न हुन्छ, हुँदैन थाहा छैन तर यदाकदा यो निष्पाप मनमा लागिरहन्छ - मदिरा र सुर्तीजन्य वस्तु उपलब्ध नहुने सज्जन एवम् भद्रहरूको सानो नेवारी खाजाघरको भान हुन्थ्यो त्यो निवास । 'शोभा मिस' लाई आग्रह गरेपछि व, योमरी, चतामारी आदि खानेकुरा एकैछिनमा तयार हुन्थ्यो नेवारी 'नःपस' मा जस्तै !

---

'घेरै....'

**घरमा बन्दी**

प्रजातन्त्रको पुनःस्थापनापछि पनि फेरि दुईपटक 'घरमै बन्दी' (हाउस आरेस्ट) मा परेँ ।

प्रजातन्त्र पुनःस्थापनापछि पनि सरकारहरूको वक्रदृष्टि हामीबाट हटेन । त्यसको उदाहरण घरमै गरेको नजरबन्द थियो ।

१) १८ असोज २०५६ (४ अक्टोबर २००२) मा सुकुलढोकामा दुई हप्ता प्रहरी तैनाथ रह्यो ।

२) १९ माघ २०६१ (१ फेब्रुअरी २००५) कमलविनायकमा तीन हप्ता घरमै प्रहरीको पहरा रह्यो ।

हाम्रो जीवन भने आज पनि खुला पुस्तकजस्तै छ ।

यस चिठीको चिनियाँ भाषाको अनुवादले साधारण चिनियाँ जनताले तत्कालीन नेपालका कला-संस्कृति, नेपाली जनताका सुख-दुःख र समाजबारे प्रत्यक्ष देखेको अनुभव गर्नेछन् । चिनियाँ जनताले आफ्नै भाषामा वर्तमान नेपालबारे लेखिएका पुस्तकहरू कमै होलान् भन्ने म ठान्छु । यस चिट्ठीबाट चीनको नयाँ पुस्ताले पनि नेपालबारे मात्र होइन आफ्नै देशको हिजोको सुख-दुःखबारे पनि जिज्ञासा राख्ने सम्भावना छ । यसले नेपाली र चिनियाँ जनतामा आपसको सामाजिक र राजनीतिक विषयमा प्रत्यक्ष जानकारी हुनेबारे कुनै दुविधा हुनेछैन ।

यस कार्यमा अनुवाद कार्य गर्ने चिनियाँ साथी श्रीमती चाङ हेङवेई (ZHANG HONGWEI) र नेपाली साथी प्रणय चित्रकारलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । यसको प्रभाव १० वर्षपछि अझ धेरै गुणा बढी महत्त्वपूर्ण र सत्कार्य गरिएको साबित हुनेछ । यसको निम्ति प्रकाशनको मुख्य भूमिका खेल्ने बाल विकास विद्यालयका सहयोगी सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु ।

तर, नेपाली जनतामा प्राचीन चीनको आध्यात्मिक प्रभाव थियो भने नयाँ युगको प्रभाव अझ व्यापक र प्रकाशमय छ । नेपाल र चीनको प्राचीन साहित्यको अनुवादले पनि दुई देशको जनतामा ठुलो अल्हाद (आनन्द) को अनुभूति हुनेछ ।

**पुस्तकहरू लेख्ने मेरो तलतल**

२०२२-२३ सालमै 'भियतनाम एक परिचय' भन्ने सानो पुस्तिका लेखेर मातृभूमि प्रेसमा दिएँ । पुस्तिका छाप्यो तर सहायक अञ्चलाधीशले प्रस्टै भने - "पुस्तिका स्वीकृत हुनेछैन, त्यसमा मित्रराष्ट्र अमेरिकी राष्ट्रपतिलाई निन्दा गरिएको छ ।"

मैले भनेँ- "यो मेरो विचार हो, नेपालमा प्रेस स्वतन्त्रता छ र वाक् स्वतन्त्रता पनि छ । यो मेरै पैसा हो ।"

त्यसको भोलिपल्ट हाम्रै परिवारका एक नातेदार 'सरकार समर्थक' व्यक्ति आएर भने "तिमीलाई सरकारले एक प्रेस र कागजको रकमसमेत पुऱ्याउँछ, तिमीले सरकारको एउटा पत्रिका चलाऊ ।" मैले उत्तर दिएँ - "गोरखापत्र र अरू पत्रपत्रिका छन् नि, मैले किन नयाँ पत्रिका चलाउने ?"

केही दिनपछि म प्रेसमा पुग्दा प्रेसका मालिकले भने - "यहाँ रहेका तपाईंका दुई पुस्तक अञ्चलाधीश कार्यालयबाट प्रहरीहरू आएर सबै पुस्तक लगेर जलाइदियो भने सुन्छु; मैले लेखकको निम्ति प्रुफ हेर्न एक-एक कपी तपाईंको निम्ति राखेको दिन्छु ।"

म पुस्तकहरू लिएर फर्कें र पुस्तकलाई अन्तै साथीहरूकहाँ पठाएँ । पछि ती नै पुस्तकहरूमध्ये 'चीन भ्रमण' केही सम्पादनपछि छापियो र 'भियतनाम परिचय' मा भने आजको भियतनाम, होचि मिन्ह र संसारमा प्रथम महिला सेना नेतृबारे तथा अन्य विषय पनि गाँसेर प्रकाशित गर्ने विचारमा छु । त्यसमा भियतनाम, लाओस र कम्बोडियाको बारे पनि जानकारी दिने मनमा राख्दै आएको छु । समयले साथ दिएमा त्यसबाट पनि नेपाली भाषाको सेवा हुने भन्ठान्छु ।

आयोजक मित्रहरू, अनुवादक साथीहरू र सहभागी सबै साहित्यप्रेमी साथीहरूप्रति आभार प्रकट गर्न चाहन्छु ।

***(यो मन्तव्य बाल विकास इङलिस सेकेन्डरी स्कूलद्वारा शुक्रबार आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिट्ठीहरू' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले व्यक्त गर्नुभएको हो-सं)***

# जोर्डन घटनापछि अमेरिका–इरान द्वन्द्व थप चर्कियो



दुबई, १९ जुलाई (एपी)। जोर्डनस्थित अमेरिकी सैन्य अड्डामा भएको आक्रमणमा अमेरिकी सैनिकको मृत्यु भएपछि त्यसको प्रत्युत्तरस्वरूप अमेरिकाले आइतबार इरानको अर्धसैनिक बल 'रिभोलुसनरी गार्ड' का सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ। होर्मुज जलसन्धिलाई केन्द्रमा राखेर जारी द्वन्द्वकाबिच यस घटनाले अमेरिका-इरान तनावलाई थप चर्काएको हो।

मध्यपूर्वमा अमेरिकाका साझेदार राष्ट्रलाई लक्षित गर्दै इरानले जारी राखेको आक्रमण अभियानका क्रममा अमेरिकाले प्रतिकारात्मक कारवाही गरेको हो। युद्ध अन्त्यका लागि भएको अन्तरिम समझदारी विफल भएपछि दुवै पक्षबिचको सैन्य भिडन्त पुन: तीव्र बनेको छ।

अमेरिकाले इरानभित्रका पुल, विद्युत् पूर्वाधार र अन्य रणनीतिक संरचनामा आक्रमण गरिरहेको छ भने इरानले कुवेतका विद्युत् तथा समुद्री पानी प्रशोधन केन्द्रहरूलाई लक्षित गरी जवाफी आक्रमण गरेको जनाएको छ। इरानले आक्रमणको दायरा थप विस्तार गर्ने चेतावनी दिएपछि संयुक्त अरब इमिरेट्सले सुरक्षा सतर्कता बढाएको छ।

अमेरिकी सेनाको 'सेन्ट्रल कमाण्ड' का अनुसार आक्रमणमा इरानको तटीय निगरानी तथा हवाई प्रतिरक्षा प्रणाली, समुद्री सैन्य क्षमता तथा क्षेप्यास्त्र र ड्रोन भण्डारणस्थललाई निशाना बनाइएको थियो। विज्ञप्तिअनुसार यस अभियानमा पहिलोपटक 'रिभोलुसनरी गार्ड' का संरचनालाई प्रत्यक्ष रूपमा लक्षित गरिएको हो।

अमेरिकी सेनाले सार्वजनिक गरेको भिडियोमा लडाकु विमान तथा समुद्रबाट प्रहार गरिएका 'टोमाहक क्रुज मिसाइल' प्रयोग गरिएको देखिएको छ। एउटा लक्ष्य पहाडी क्षेत्रमा रहेको सैन्य आधार भएको जनाइएको छ। रिभोलुसनरी गार्डले आफ्ना क्षेप्यास्त्र तथा अन्य सैन्य सामग्री प्राय: पहाडी सुरुङ र आधारमा राख्ने गरेको बताइन्छ।

इरानले अमेरिकी आक्रमणबाट भएको क्षतिको विस्तृत विवरण सार्वजनिक गरेको छैन। होर्मुज जलसन्धिलाई केन्द्रमा राखेर जारी द्वन्द्व आठौं दिनमा प्रवेश गरेको छ। विश्वव्यापी तेल तथा प्राकृतिक ग्यासको करिब पाँचौं भाग यही जलमार्ग हुँदै ओसारपसार हुने भएकाले यस क्षेत्रको सुरक्षा विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिन्छ।

अमेरिकी सेनाका अनुसार जोर्डनस्थित सैन्य अड्डामा इरानको आक्रमणमा दुई अमेरिकी सैनिकको मृत्यु भएको, एक जना बेपत्ता भएका तथा चार जना घाइते भएका छन्।

युद्ध सुरु भएयता १६ अमेरिकी सैनिकको मृत्यु भएको र ४३० भन्दा बढी घाइते भएको अमेरिकी पक्षले जनाएको छ। इरानी अधिकारीका अनुसार अमेरिकाको पछिल्लो आक्रमणमा कम्तीमा ५० जनाको मृत्यु भएको छ भने ५०० भन्दा बढी घाइते भएका छन्।

## विश्व सङ्क्षेप

### अमेरिकी शान्ति प्रयास 'भाषणबाजी' मात्र भएको इरानी राजदूतको टिप्पणी

इस्लामाबाद, १९ जुलाई (सिन्ह्वा)। पाकिस्तानका लागि इरानी राजदूत रेजा अमिरि मोघादामले अमेरिकाको शान्तिप्रतिको प्रतिबद्धतामाथि प्रश्न उठाउँदै कूटनीतिक सम्झौता कार्यान्वयन गर्ने वासिङ्टनको इच्छाशक्तिमा कमी रहेको आरोप लगाउनुभएको छ। उहाँले अमेरिकी शान्ति प्रयास व्यवहारमा नभई केवल भाषणमा सीमित रहेको टिप्पणी गर्नुभयो।

सामाजिक सञ्जाल 'एक्स' मा गरिएका शृङ्खलाबद्ध पोस्टमार्फत राजदूत मोघादामले अमेरिकी पक्षले कूटनीतिक प्रतिबद्धता पूरा गर्ने इच्छा वा नियत नदेखाएको आरोप लगाउनुभयो।

"समझदारीपत्र (एमओयू) उल्लङ्घन गर्न अमेरिकी पक्षले ६० दिन पनि कुर्न नचाहनुले कुनै पनि सम्झौता सफल बनाउन आवश्यक गम्भीरता, दृढता, इच्छाशक्ति र नियतको अभाव देखाउँछ," उहाँले लेख्नुभएको छ।

मोघादामले अमेरिकालाई शान्ति र स्थिरताको वास्ता नगरेको आरोप लगाउँदै उसका शान्तिसम्बन्धी आह्वान केवल भाषणबाजीमा सीमित भएको दाबी गर्नुभयो। राजदूतले वासिङ्टनको वास्तविक उद्देश्य सम्झौता गर्नु नभई कुनै पनि माध्यमबाट अस्थिरता सिर्जना गर्नु रहेको आरोप लगाउनुभयो।

इरानप्रति अमेरिकाको विगतको नीतिको चर्चा गर्दै मोघादामले राष्ट्रपति डोनाल्ड ट्रम्पले समकालीन कूटनीतिक इतिहासका दुई महत्त्वपूर्ण उपलब्धि नष्ट गरेको बताउनुभयो। उहाँले सन् २०१५को इरान आणविक सम्झौताबाट अमेरिकाको बहिर्गमन र पाकिस्तानको मध्यस्थतामा भएको समझदारीपत्र कार्यान्वयनसम्बन्धी विवादलाई उदाहरणका रूपमा प्रस्तुत गर्नुभयो।

पाकिस्तानको मध्यस्थतामा भएको उक्त समझदारी पत्रको कार्यान्वयनलाई लिएर पुन: तनाव बढिरहेका बेला इरानी राजदूतको यस्तो भनाइ आएको हो।

यस विषयमा अमेरिकी पक्षले भने हालसम्म कुनै सार्वजनिक प्रतिक्रिया दिएको छैन।

### अफगानिस्तानको मरुभूमि हुँदै सीमा पार गर्ने क्रममा पाँच जनाको मृत्यु, १४ बेपत्ता

काबुल, ३ साउन (सिन्ह्वा)। पश्चिमी अफगानिस्तानको निमरोज प्रान्तस्थित मरुभूमि हुँदै इरान प्रवेश गर्ने क्रममा पाँच अफगान नागरिकको मृत्यु भएको छ भने १४ जना बेपत्ता भएका छन्। स्थानीय सञ्चारमाध्यम टोलोन्युजका अनुसार, उनीहरू सीमा पार गर्ने क्रममा मरुभूमिमा अलपत्र परेका थिए।

सुरक्षाकर्मीले निमरोज प्रान्तको मरुभूमिबाट पाँच जनाको शव फेला पारेका हुन्। उनीहरू इरान प्रवेश गर्ने उद्देश्यले हेल्मन्द र निमरोज प्रान्तमा फैलिएको दुर्गम मरुभूमि क्षेत्र हुँदै अघि बढेको १९ जनाको समूहमा रहेका थिए। स्थानीय अधिकारीका अनुसार उक्त समूह मरुभूमिमा बाटो बिराएर अलपत्र परेको हुन सक्ने अनुमान गरिएको छ। अत्यधिक गर्मी र पानीको अभावका कारण उनीहरूको मृत्यु भएको हुन सक्ने आशङ्का गरिएको छ।

बेपत्ता रहेका १४ जनाको खोजीका लागि सुरक्षाकर्मीले अभियान सञ्चालन गरिरहेका छन्। उद्धार कार्य जारी रहेको अधिकारीले बताएका छन्।

# भेनेजुयला: भूकम्पको भग्नावशेषबाट चार हप्तापछि बिरालोको उद्धार, थप जीवित प्राणी उद्धारका लागि 'आशा' को सङ्केत

काराबालेडा, भेनेजुयला, ३ साउन (एएफपी)। भेनेजुयलामा शनिबार एक बिरालोलाई भत्किएको आवासीय भवनको भग्नावशेष मुनिबाट कमजोर अवस्थामा उद्धार गरिएको छ। उद्धारकर्ताले यसलाई मृत्यु भएको भूकम्पपछिको अवस्थामा थप जीवनको लागि 'आशाको किरण भनेका छन्।

गत जून २४ मा दक्षिण अमेरिकी राष्ट्रमा आएका लगातारका भूकम्पबाट पाँच हजार १०० भन्दा बढी मानिसको मृत्यु भएको थियो। भूकम्पका कारण तटीय राज्य ला गुएरा सबैभन्दा बढी प्रभावित भएको थियो।




स्वयंसेवी उद्धारक आन्द्रेस कार्भाजालले ला गुएराको एक आवासीय भवनमा खोजी गर्दा उक्त बिरालो भेटिएको थियो। बिरालो भेटिएको भवन पूरै भग्नावशेषमा परिणत भएको थियो।

"हामीले बिरालोलाई देख्यौं, तर यो डराएर भवनभित्र थप गहिरो भागमा गएको थियो," कार्भाजालले एएफपीलाई बताउनुभयो। यो कहिले फसेको हो भन्ने स्पष्ट छैन।

"म गएँ, मेरो पन्जा खोलें र मेरो हातमा बिरालोको खाना राखें। यसले बिस्तारै नजिक आयो र अत्यन्तै हतास भएर खायो," विश्वविद्यालयका २१ वर्षीय छात्र कार्भाजालले भन्नुभयो।

कार्भाजालले भेनेजुयली भाषामा 'एल गाटो' अर्थात् बिरालो लेखिएको हेलमेट लगाउने गर्नुभएको थियो र संयोगबस उहाँले नै बिरालोलाई करिब एक महिनापछि भग्नावशेषबाट निकाल्ने सौभाग्य मिलेको छ। उहाँले यो आफ्नो बाल्यकालदेखिको उपनाम भएको बताउनुभयो।

उहाँ काराकासस्थित भेनेजुयला केन्द्रीय विश्वविद्यालयका अन्य विद्यार्थीहरूले उद्धार कार्यमा सहयोग गर्नका लागि गठन गरेको एक समितिका प्रमुख पनि हुनुहुन्छ।

उद्धार भएपछि उक्त बिरालोलाई भेटेरिनरी चिकित्सकहरू तयारी अवस्थामा रहेको सानो क्याम्पमा हस्तान्तरण गरियो। त्यहाँ यसलाई तरल पदार्थ खान दिइयो र सफा गरियो, त्यसपछि यसका वासस्थानतर्फ पठाइयो।

"हामीले यसलाई फेला पारेकोमा म निकै खुसी छु," कार्भाजालले भन्नुभयो।

उहाँले भन्नुभयो, "यहाँ रहेको कुनै पनि जीवनप्रति सहानुभूति नहुन असम्भव छ। यो सानो बिरालोको उद्धारले साङ्केतिक रूपमा भग्नावशेषमा अझै जीवितहरूलाई फेला पार्ने 'आशा' मरिनसकेको पुष्टि गर्छ। उद्धार प्रयासलाई निरन्तरता दिन प्रोत्साहन गर्छ।"

# किभमा रातभर रुसी हमला आवासीय तथा औद्योगिक क्षेत्रमा क्षति

किभ, १९ जुलाई (एपी)। रुसी सेनाले किभमा राताराता गरेको ब्यालिस्टिक क्षेप्यास्त्रसहितको आक्रमणमा परी एक जनाको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन्। स्थानीय अधिकारीका अनुसार स्थानीय समय बिहान करिब १:३० बजे सुरु भएको आक्रमण केही घण्टासम्म जारी रहँदा राजधानीभरि विस्फोटको आवाज सुनिएका थिए।

युक्रेनको राज्य आपत्कालीन सेवाका अनुसार रुसी आक्रमणबाट किभका पाँचवटा जिल्लामा आगलागी भएको थियो। आक्रमणमा आवासीय भवन, कार्यालय, औद्योगिक क्षेत्र, छात्रावास तथा सवारीसाधनमा क्षति पुगेको छ।

उद्धारकर्मीले स्भियातोसिन्स्की जिल्लामा आगलागी भएको एक निजी घरबाट चार जनाको उद्धार गरेका थिए भने शेभचेन्किभ्स्की जिल्लामा आगलागी भएको तीनतले भवनबाट बासिन्दालाई सुरक्षित स्थानमा पुऱ्याएका थिए।

गैरआवासीय भवनमा लागेको आगो नियन्त्रणमा लिने क्रममा त्यहाँ एक जनाको शव फेला परेको थियो। दमकलकर्मीले सोलोम्यान्स्की, देस्नियान्स्की र निप्रो जिल्लामा लागेको आगो पनि नियन्त्रणमा लिएका थिए।

यसैबिच, रुसी ब्यालिस्टिक क्षेप्यास्त्र रोक्न प्रभावकारी मानिएको अमेरिकी निर्मित 'प्याट्रियट' हवाई प्रतिरक्षा प्रणालीको अभाव युक्रेनले सामना गरिरहेका बेला रुसले पछिल्ला साताभा किभमाथि ठुला आक्रमण तीव्र पारेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनलाई प्याट्रियट इन्टरसेप्टर क्षेप्यास्त्र उत्पादनका लागि अनुमति दिन तयार रहेको बताउनुभएको छ। यसले रुसी क्षेप्यास्त्र आक्रमणविरुद्ध युक्रेनको प्रतिरक्षा क्षमता बढाउन सक्ने अपेक्षा गरिएको छ। यद्यपि, यससम्बन्धी कार्यान्वयन प्रक्रिया र समयसीमा भने स्पष्ट भइसकेको छैन।

# युक्रेनी ड्रोन विकासकर्तासँग जापानको सहकार्यप्रति रुसको आपत्ति

मस्को, ३ साउन (सिन्ह्वा)। युक्रेनी ड्रोन विकासकर्तासँगको सहकार्यमार्फत जापानले रुसी नागरिकको हत्यामा सहयोग पुऱ्याएको आरोप लगाउँदै रुसी उपविदेशमन्त्री एन्ड्रे रुडेन्कोले शनिबार जापानी कदमको निन्दा गर्नुभएको छ।

रुसी समाचार संस्था टाससँगको अन्तर्वार्तामा रुडेन्कोले युक्रेनले रुसी भू-भागमा नागरिक लक्ष्यविरुद्ध व्यवस्थित आतङ्कवादी गतिविधि सञ्चालन गरिरहेको आरोप लगाउँदै किएभसँग जापानको यस्तो सहकार्यलाई खुला रूपमा शत्रुतापूर्ण कार्यका रूपमा लिएको बताउनुभयो।

"युक्रेनी ड्रोनले रुसी नागरिकलाई मारिरहेका छन् र टोकियोले उनीहरूलाई त्यसो गर्न सहयोग गरिरहेको छ," उहाँले भन्नुभयो।

रुडेन्कोले रुस-युक्रेन द्वन्द्वमा जापानको बढ्दो संलग्नताले यसअघि नै तनावपूर्ण अवस्थामा रहेको रुस-जापान सम्बन्धलाई थप कमजोर बनाइरहेको दाबी गर्नुभयो।

उहाँले जापानको युक्रेनसम्बन्धी नीतिले दुई देशबीचको सम्बन्धमा दीर्घकालीन असर पार्न सक्ने चेतावनी दिनुभयो।

# शिक्षामा कम्पनी ऐन खारेज गर्नुको विकल्प छैन

✍ ज्ञानसागर प्रजापति

संसदीय निर्वाचन २१ फागुन, २०८२ को परिणामपछि देशमा सरकार फेरबदल भएको छ । २०७९ सालमा मात्र जन्मेको राष्ट्रिय स्वतन्त्र पार्टीले प्रचण्ड बहुमत (१८२) सीट जितेर बालेन्द्र साह (बालेन) को नेतृत्वमा सरकार गठन गरिएको छ । निर्वाचनको बेला 'थिति बसाल्ने सङ्कल्प' सहित रास्वपाले आफ्नो निर्वाचन घोषणापत्र ( वाचा पत्र) सार्वजनिक गरेको थियो ।

विगतमा शासक दलहरू काङ्ग्रेस, एमाले, माओवादी र मधेसवादी दलहरूको भागबन्डा, कमिसन, बिचौलिया र भ्रष्टाचारलगायतका कुशासनबाट वाक्कदिक्क भएका जनताले त्यसको विकल्पको रूपमा रास्वपा रोजेको देखिन्छ भने बाह्य भूमिका पनि उत्तिकै रहेको देखिन्छ ।

उक्त पृष्ठभूमिमा आएको यो सरकारलाई विगतका शासकहरूले गरेको भागबन्डालगायतका कुशासनको कुनै छुट छैन । यदि कुशासनको बाटोमा लागे त्यो आफ्नै पतनको बाटो हुनेछ । 'थिति बसाल्ने सङ्कल्प' सहित आएको सरकारले संसदीय मूल्य र मान्यताको बसेको थितिसमेत भत्काई बेथिति बसाल्न लागेको आरोप स्वयं सत्तापक्षका सांसदले लगाउन थालेका छन् । रास्वपाका सांसद अमरेशकुमार सिंहले चालू संसद्मा विनियोजित अर्थ बजेटको छलफलमा अर्थमन्त्री संसद्मा उपस्थित हुनैपर्ने थिति भत्काउने यो कस्तो बेथिति हो भनी प्रश्न गरे । नयाँको नाममा जे पनि गर्ने भए भोलि संसदीय परम्परा केही बाँकी नरहने विचार पनि उनले व्यक्त गरे । अवश्य पनि यो शुभ सङ्केत होइन ।

त्यसो त बोलाइसकेको संसदसमेत 'तयारी पूरा नभएको' भन्दै फिर्ता लिई भटाभट अध्यादेश जारी गरेर अर्को बेथिति बसालेको विपक्षीहरूको आरोप छ । छिटो ऐन लागू गर्ने नाममा एकपछि अर्को अध्यादेशहरू सरकारले जारी गर्‍यो । संसद्मा कमजोर प्रतिपक्षको उपस्थिति रहेको वर्तमान अवस्थामा आफूलाई चाहिने सम्पूर्ण विधेयक संसद्बाट पारित गरी लागू गरेको भए केही बित्ने थिएन । प्रजातन्त्रमा प्रतिपक्षको कदर गर्ने थिति पनि कायम हुन्थ्यो; त्यो देखिएन । परिस्थिति सधैँ यस्तै हुँदैन । भोलि रास्वपा पनि प्रतिपक्षमा पर्न सक्छ । त्यो बेला सत्ता पक्षले प्रतिपक्षको बेवास्ता गरे यही नजिर बस्न सक्छ । अरूलाई खाएको बाघले आफूलाई पनि खान सक्छ भन्ने चेत हुनुपर्छ । 'थिति बसाल्ने सङ्कल्प' बेथितिमा नबदलियोस् ।

रास्वपाको निर्वाचन-२०८२ को वाचापत्रमा १०० वटा बुँदा समेटिएका छन् । तीमध्ये बुँदा नं. ६१ देखि ६७ सम्मको बुँदा शिक्षासँग सम्बन्धित छ । ६१ नं. बुँदामा विद्यालय र विश्वविद्यालयमा दलगत राजनीति पूर्णत: निषेध गर्ने भनिएको छ । निर्दलीय पञ्चायती व्यवस्थामा प्रतिबन्धित अवस्थासँग जुधेर आएका राजनीतिक दलहरूलाई निषेध गर्ने रास्वपाको सङ्कल्प निश्चय पनि सहज हुनेछैन किनभने निषेधको राजनीतिले नै पञ्चायती व्यवस्थाको अन्त भएको इतिहास छर्लङ्ग छ । यद्यपि काङ्ग्रेस, एमाले, माओवादीलगायतका शासकहरूले विगतमा राजनीतिको नाममा विद्यालय र विश्वविद्यालयमा भागबन्डाको बेथिति बसालेकै हुन् । त्यसलाई रास्वपाले भनेजस्तो 'अनुशासित र मर्यादित' बनाउनैपर्नेछ । तर, रास्वपाको 'अनुशासन','मर्यादा' हुकुमी शैलीको देखिएको छ । हप्ताको दुई दिने बिदाको उर्दीले त्यही झल्को दिन्छ ।

बुँदा नं. ६२ मा सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा आमूल सुधार ल्याउन आगामी २ दशकसम्म उल्लेख्य लगानी थप्दै गुणस्तर वृद्धि गर्ने कुरा उल्लेख छ ।

राष्ट्रिय बजेटको ११ प्रतिशतको हाराहारीमा मात्र शिक्षामा बजेट छुट्याइएको वर्तमान अवस्था छ । यद्यपि अन्तर्राष्ट्रिय मञ्चमा सरकारले शिक्षामा २० प्रतिशत बजेट छुट्याउने कुरा भन्दै आएको छ । नेपाल क्रान्तिकारी शिक्षक सङ्घले सरकारलाई २४ प्रतिशत बजेट शिक्षामा छुट्याउन लिखित सुझाव दिँदै आएको हो ।

रास्वपाको वाचापत्रमा 'आगामी दुई दशकसम्म उल्लेख्य लगानी' गर्ने भन्ने वाचालाई सरकारले कति प्रतिशत छुट्याउँछ हेर्न बाँकी छ । तर, दुई दशकसम्मको कुरा गरेको हुँदा २० प्रतिशत पुर्‍याउन पनि २० वर्ष लगाउने हो कि भन्ने शङ्का गरिएको छ । जबकि २० प्रतिशत आजको आवश्यकता हो ।

६३ नं. बुँदामा निजी क्षेत्रको शिक्षालाई सार्वजनिक शिक्षाको परिपूरकको रूपमा स्वीकार्ने भनिएको छ ।

'शिक्षालाई नाफामुखीभन्दा सेवामुखी क्षेत्रका रूपमा व्यवस्थित गर्ने' भनिए पनि कम्पनी ऐनमा दर्ता भएका निजी शैक्षिक संस्था स्वाभाविक रूपमा सेवा उद्योगका नाफामुखी संस्था नै हुन्छन् । शिक्षा क्षेत्रमा निजी शैक्षिक संस्थाहरूको जति योगदान छ त्यति नै विकृतिहरू पनि छन् । त्यसैले शिक्षामा कम्पनी ऐन खारेज गर्नुको विकल्प छैन ।

संविधानले मावि तहसम्म नि:शुल्क र आधारभूत तहसम्म अनिवार्य र नि:शुल्कको घोषणा गरेको सन्दर्भमा नाफामुखी शैक्षिक संस्थाहरूको औचित्य पुष्टि हुँदैन । शिक्षामा कम्पनी ऐन खारेज गर्दा गुठीमा चाप बढ्न सक्छ तर गुठीअन्तर्गतका शैक्षिक संस्था व्यक्ति विशेषको नभएकाले ती एक प्रकारका सामुदायिक संस्थाकै रूपमा मान्न सकिन्छ । तर, रास्वपा शिक्षामा कम्पनी ऐन खारेज गर्ने पक्षमा देखिँदैन । त्यो ऐन खारेज नभएसम्म शिक्षामा हाल देखिएका विकृति कायमै रहने निश्चित छ र मा.वि. तहसम्म नि:शुल्क पनि कागजमै सीमित हुनेछ ।

बुँदा ६४ मा हरेक प्रदेशमा एउटा अत्याधुनिक नमुना समावेशी विद्यालय स्थापना गरी विशेषत: अटिजम र न्युरोडाइभर्सिटीलगायतका अपाङ्गता भएका बालबालिकाको लागि व्यवस्थापन गर्ने कुरा छ ।

निश्चय पनि समाजमा बालबालिकामा देखिएको अटिजम एउटा समस्याको विषय हुँदै हो । भक्तपुर नगरका स्कूलहरू अनुगमनको क्रममा त्यस्तो समस्या भएका बालबालिकाहरू देखिएपछि तत्काल ठोस रूपमा केही गर्न नसकिए पनि शिक्षकहरूलाई अटिजमबारे विज्ञहरूमार्फत दुई दिने अभिमुखीकरण गरियो । रास्वपाले उठाएको यो विषय अत्यन्त समसामयिक र महत्त्वपूर्ण छ । यसलाई वाचापत्रमा सीमित नगरी यसै वर्षदेखि नै कार्यान्वयनमा ल्याइयोस् । यसले अटिजम पीडित परिवारलाई ठुलो राहत मिल्नेछ ।

बुँदा ६५ मा शिक्षामा शिक्षकको भूमिकामाथि प्रकाश पारी 'सांस्कृतिक पुनर्जागरण अभियान सञ्चालन गर्ने' भनिएको छ ।

वाचापत्रमा उक्त अभियानको प्रस्ट खाका नभएकोले अहिले यसै भन्न सकिँदैन । तर 'शिक्षकलाई शिक्षाको मेरुदण्ड' मान्ने रास्वपाले सरकार गठन भएको यो अवधिसम्म शिक्षक समस्याबारे कुनै औपचारिक छलफलसम्म चलाएको समाचार प्रकाशमा आएको छैन ।

शिक्षकलाई यस अघिका सरकारहरूले जहिले पनि दोस्रो दर्जाको राष्ट्रसेवकको रूपमा व्यवहार गर्दै आएको जगजाहेर छ हरदृष्टिले । यो अवस्थामा रास्वपाका सभापति रवि लामिछानेले शिक्षकलाई निजामतीभन्दा बढी तलब सुविधा दिने विचार व्यक्त गरेको कुरा हालै सार्वजनिक भएको छ । लोकप्रियताको लागि मात्र बोलेको भए त्यो बोलीको कुनै अर्थ छैन । हैन भने कथनीअनुसारको करणी गरी सुविधाअनुसारको सेवामा पनि कडाइ गरे देशको शैक्षिक गुणस्तरमा परिवर्तन आउने आसा गर्न सकिन्छ ।

शिक्षकका अनेक समस्याको चाङ शिक्षा मन्त्रालयलाई जानकारी नभएको होइन । ती सबै अहिले यहाँ उल्लेख गरिरहनु सम्भव नभए पनि नमुनाको रूपमा एउटा उल्लेख गर्नु सान्दर्भिक हुनेछ । सरकारले पूर्व प्रावि तहलाई विद्यालयको अभिन्न अङ्ग मान्नै तयार थिएन । धेरै वर्षको प्रयासपछि बल्ल अभिन्न अङ्ग मान्यो । यद्यपि पूर्व प्रावि तहका शिक्षकलाई अझै शिक्षक मानेको छैन, केवल 'सहजकर्ता' भनिएको छ । मासिक पारिश्रमिक सरकारले केवल १२ हजार व्यहोरेर बाँकी स्थानीय तहलाई पन्छाएको अवस्था छ । स्थानीय तहले आफ्नो क्षमताअनुसार दिने नदिने अनेक अवस्था छ । जबकि, सरकारले सबभन्दा बढी प्राथमिकता दिनुपर्थ्यो ।

बुँदा नं. ६६ मा उच्च शिक्षासँग सम्बन्धित छ । उच्च शिक्षालाई प्रतिस्पर्धी, अनुसन्धानमुखी तथा रोजगारउन्मुख बनाउन विश्वविद्यालयलाई पुनर्संरचना गर्ने भनिएको छ ।

देशमा डेढ दर्जन विश्वविद्यालय भए पनि सबभन्दा पुरानो र सबभन्दा बढी विद्यार्थी भएको त्रिभुवन विश्वविद्यालय विगतका शासकहरूको अकर्मण्यताले गर्दा शैक्षिक क्यालेन्डरसम्म पनि सही ढङ्गले लागू गर्न नसकिरहेको अवस्थामा वर्तमान बालेन सरकारले के कसरी पुनर्संरचना गर्ने हो प्रस्ट खाका आएको छैन ।

विगतका शासकहरूले शून्य पूर्वाधार भए पनि राजनीतिक पहुँचको आधारमा विश्वविद्यालय दिएको प्रस्ट छ भने सम्पूर्ण भौतिक पूर्वाधार भइकन पनि ख्वप विश्वविद्यालय नदिनु राजनीतिक पूर्वाग्रही नै हो । राज्यलाई कुनै आर्थिक भार नदिइकन पनि स्थानीय तह भक्तपुर नगरपालिकाले एमबीबीएस नै रु.१५ लाखमा पढाउने प्रतिबद्धता जनाउँदा पनि स्वीकृति नदिनुलाई जनताले राम्रो मानेका छैनन् । अबको सरकारले ख्वप विश्वविद्यालय दिने अपेक्षा गर्नु अन्यथा हुँदैन ।

बुँदा नं. ६७ मा नेपाललाई अन्तर्राष्ट्रिय उच्च शिक्षाको हब बनाउने कुरा छ । साथै नेपालमा विदेशी विश्वविद्यालयहरूका आङ्गिक क्याम्पस र विदेशी डिग्री कार्यक्रमहरू सञ्चालन गर्न सरल बनाउने उल्लेख छ । यसले रास्वपा शिक्षामा नवउदारवादको पक्षमा रहेको प्रस्ट हुन्छ । राजधानीलगायत देशका प्रमुख सहरी क्षेत्रमा हाल पनि विदेशी विश्वविद्यालयको सम्बन्धनमा कक्षाहरू सञ्चालित छन् । एकातिर देशका विद्यार्थीको अभावमा ५ सयभन्दा बढीको सङ्ख्यामा क्याम्पसहरू बन्द हुने अवस्थामा छन् भने अर्कोतिर विदेशी विश्वविद्यालयका आङ्गिक क्याम्पसहरू देशमा खोलेमा देशको लागि आत्मघाती साबित हुनेछ ।

रास्वपाको वाचापत्रमा उल्लिखित विषयलाई बालेन सरकारले यस वर्षको नीति तथा कार्यक्रममा मावि तहसम्म नि:शुल्क शिक्षा, निजीलाई सेवामुखी बनाउने, उच्च शिक्षालाई श्रम बजारसँग आबद्ध गराउने, दस हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट र सिकाइ प्रविधिको विकास गर्ने, विश्वविद्यालयको शासकीय संरचनामा सुधार गर्ने, विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलानलाई प्राथमिकता, विपन्न, सीमान्तकृत, दलित आदिवासीलगायतका बालबालिकामा गुणस्तरीय शिक्षामा जोड दिने र पाठ्यपुस्तक र पोशाकको सहज वितरण गरिने भनी उल्लेख गरेको छ ।

नीति र कार्यक्रम घोषणा गर्नु र त्यसको कार्यान्वयन गर्नु फरक विषय हो । मावि तहसम्म नि:शुल्क घोषणा यस अघिका सरकारहरूले पनि गर्दै आएको विषय हो । तर, साँचो अर्थमा नि:शुल्क नभइरहेको तीतो यथार्थ जगजाहेर छ । मावि भन्नाले कक्षा १२ सम्मलाई बुझाउँछ । कक्षा ११ र १२ को लागि सरकारले एक जना शिक्षकको स्थायी नियुक्ति हालसम्म गरेको छैन भने कसरी कक्षा १२ सम्म नि:शुल्क हुन्छ ? अबको सरकारले कक्षा १२ सम्मको लागि आवश्यक दरबन्दी र विद्यालय सञ्चालनार्थ आवश्यक सम्पूर्ण बजेट व्यवस्था गरे साँच्चीकै नि:शुल्क हुनेछ कक्षा १२ सम्म नै । हुनुपर्ने पनि यही नै हो ।

तत्कालीन शिक्षामन्त्री महावीर पुनले हरेक माविको लागि एउटा कम्प्युटर शिक्षक दरबन्दी दिने घोषणा गर्नुभएको थियो । तर, घोषणा कार्यान्वयन भएन । त्यसैले कक्षा १० सम्मकै हकमा पनि कम्प्युटर पढाउन अभिभावकसँग 'सहयोग' उठाउन विद्यालय बाध्य छ ।

शिक्षक दरबन्दी मिलान पुरानो विषय हो । दरबन्दी मिलाउनुपर्ने विषय हुँदै हो । त्यो भन्दा पनि मुख्य विषय पर्याप्त दरबन्दीको अभाव हो । दरबन्दीको अभावमा विद्यालयले अभिभावकसित 'सहयोग' मागेर निजी स्रोतमा शिक्षक राखेर पढाउनुपर्ने विद्यालयको बाध्यता छ । यसले नि:शुल्क शिक्षामा समेत असर परेको छ । घोषित नीति तथा कार्यक्रमको इमानपूर्वक कसरी कार्यान्वयन हुन्छ त्यो आगामी दिनमा देखिँदै जाला । बालेन सरकार गठन भएको यो छोटो अवधिमा मूल्याङ्कन गरिहाल्ने बेला नभएकोले हाललाई सरकारको गतिविधिलाई सजग र सचेतपूर्वक अध्ययन गर्ने र जे गरोस्, राम्रो गरोस् भनेर अहिले कामना मात्र गर्ने हो; सरकारले ग्रहण गरे सकारात्मक सल्लाह सुझाव दिने हो त्यो हामी दिइरहन्छौं, दिइरहेकै पनि हो ।

- आदर्श आजाद स्मारिका २०८३ बाट साभार

# साउनका परम्पराहरू : वैज्ञानिक तथ्य वा धार्मिक विश्वास ?

✍ श्रद्धा अधिकारी

साउन महिना नेपाली पात्रोको चौथो महिना हो । जुन सामान्यतया जुलाईको मध्यदेखि अगस्टको मध्यसम्म पर्छ । यो महिना नेपालको सांस्कृतिक, धार्मिक र सामाजिक जीवनको अभिन्न अङ्ग हो । जसले प्रकृतिको हरियाली, शिवको आराधना र विविध परम्पराहरूलाई एकसाथ समेट्छ । यस महिनालाई हिन्दू धर्मावलम्बीहरूका लागि वर्षकै सबैभन्दा पवित्र महिनामध्ये एक मानिन्छ र यो पूर्ण रूपमा शिवको आराधनामा समर्पित हुन्छ । विशेषगरी नेपाल र भारतका केही भागमा साउन महिना हिन्दू पात्रोको सबैभन्दा पवित्र र महत्त्वपूर्ण महिनामध्ये एक हो । जुलाई र अगस्टको बिचमा पर्ने यो महिना शिवको आराधनामा केन्द्रित गहिरो आध्यात्मिक भक्ति, जीवन्त सांस्कृतिक परम्परा र प्राकृतिक समृद्धिको समय हो । यो महिना शिवलाई समर्पित हुन्छ, जो हिन्दू धर्ममा सृष्टिका रक्षक तथा संहारक देवता मानिन्छन् ।

साउन महिनाको महत्त्व समुद्र मन्थनको पौराणिक कथासँग जोडिएको छ । पौराणिक कथाअनुसार, देवता र असुरहरूले समुद्र मन्थन गर्दा १४ प्रकारका रत्नहरू निस्किए । तीमध्ये तेह्रौं रत्नपछि हलाहल नामको विष निस्कियो, जसले सम्पूर्ण सृष्टिलाई नष्ट गर्ने खतरा थियो । संसारको रक्षा गर्न शिवले त्यो विष आफ्नो कण्ठमा रोके । जसका कारण उनको कण्ठ नीलो भयो र उनी नीलकण्ठ भनिए । विषको प्रभाव कम गर्न देवताहरूले गङ्गाजल, दूध र बेलपत्रले शिवलाई अभिषेक गरे । यही घटना साउन महिनामा भएकोले, भक्तजनहरूले पनि यसै महिना शिवलिङ्गमा जल, दूध र बेलपत्र चढाउने परम्परा सुरु गरे ।

अर्को पौराणिक कथाअनुसार, देवी पार्वतीले साउन महिनामै कठोर तपस्या गरी शिवलाई पतिको रूपमा प्राप्त गर्नुभएको थियो । साउनको प्रत्येक मङ्गलबार देवी पार्वतीलाई समर्पित हुन्छ र मङ्गल गौरी व्रत मनाइन्छ । यस व्रतको मिथकअनुसार देवी सतीले आफ्नो पिता दक्षको घरमा शिवको अपमान सहन नसकेर आफ्नो शरीर त्याग गरिन् । पछि उनी पार्वतीको रूपमा पुनर्जन्म भइन् । शिवलाई पतिको रूपमा पाउन साउन महिनामा कठोर तपस्या गरिन् । भनिन्छ, कि साउन महिनामा पार्वतीको तपस्याबाट शिव प्रसन्न भई उनलाई पत्नीको रूपमा स्वीकार गरे । यसै कारण यो महिना शिव-पार्वती दुवैको प्रिय महिना मानिन्छ र महिलाहरूले वैवाहिक सौभाग्यको कामनामा व्रत बस्छन् ।

साउन महिना चतुर्मास (चार महिने पवित्र अवधि) भित्र पर्दछ । एउटा मान्यताअनुसार, जब विष्णु चार महिनाका लागि क्षीरसागरमा योगनिद्रामा जान्छन् तब शिवले संसारको भार आफ्नो काँधमा लिन्छन् । यसै कारण यो अवधि शिवको आराधनाका लागि महत्त्वपूर्ण मानिन्छ । साउन महिनाको अर्को महत्त्वपूर्ण परम्परा बोलबम यात्रा हो । भक्तजनहरू पवित्र नदीबाट जल ल्याएर शिवलिङ्गमा चढाउँछन् । यसको मिथक पनि समुद्र मन्थनसँगै जोडिएको छ । इन्द्रले शिवको शरीरको तापमान घटाउन मुसलधारे वर्षा गराएको विश्वास गरिन्छ । भक्तजनहरूले शिवको नाम जपको जयकार गर्दै गङ्गाजल ल्याउँछन्, जसले शिवलाई विषको पीडाबाट मुक्त गर्ने जलको प्रतीक हो ।

साउन महिना पूर्णरूपमा शिवलाई समर्पित छ । शिवलाई जटाधारी भनिन्छ । उनले आफ्नो टाउकोमा लामो, अव्यवस्थित जटा राख्छन्, जसले उनको त्याग, साधना र संसारभन्दा माथि उठेको अवस्थालाई जनाउँछ । साउनमा भक्तजनहरूले शिवको अनुकरण गर्न, उनप्रति आफ्नो श्रद्धा प्रकट गर्न र आफूलाई सांसारिक सौन्दर्य र फेसनभन्दा माथि उठाउन कपाल नकाट्ने गर्छन् । यस अवधिमा बाहिरी शृङ्गार र सौन्दर्यभन्दा आन्तरिक पवित्रता, मानसिक शान्ति र आध्यात्मिक अभ्यासलाई बढी महत्त्व दिइन्छ । यसका साथै, साउन महिना चतुर्मासभित्र पर्छ, जुन अवधिमा विवाह, गृहप्रवेश, व्रतबन्ध, र मुण्डन संस्कार जस्ता षोडश संस्कारहरू (हिन्दू धर्मका १६ संस्कार) गर्न अशुभ मानिन्छ । यसै कारण, साउनमा कपाल काट्नु व्रतको पवित्रता भङ्ग गर्ने कार्यको रूपमा हेरिन्छ ।

यस सन्दर्भमा, प्राकृतिक रूपमा आफैँ बढिरहेका कुराहरू (जस्तै: कपाल, नङ, रूखका पातहरू) नकाट्नु भनेको खेतमा बढिरहेका बालीहरूप्रतिको प्रतीकात्मक श्रद्धा हो । यसको अर्थ यो होइन कि सरसफाइमा सम्झौता गर्नुपर्छ, बरु यो प्रकृतिको उर्वरता, जीवनको सात्विक विकास र वृद्धिको सम्मान गर्ने एक सांस्कृतिक अभिव्यक्ति हो । किसानहरूको जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको यो मान्यताले मानिस र प्रकृतिबिचको सामञ्जस्यलाई प्रतिबिम्बित गर्दछ । व्यावहारिक दृष्टिकोणले पनि यस परम्पराको गहिरो आधार छ । वर्षायाममा वातावरणको आर्द्रता अत्यधिक बढ्छ जसले गर्दा धारिला हतियारहरू सजिलै खिया लाग्न सक्छन् र तिनीहरूले छालामा चोट पुर्‍याउन सक्छन् । पुरानो समयमा सुरक्षित औजार, कीटाणुनाशक र सीपको अभावमा यो जोखिम अझ बढी थियो । यदि उस्तुराले सानो चोट पनि लगायो भने वर्षायामको चिसो र ओसिलो मौसममा त्यो घाउ चाँडो निको नहुने, सङ्क्रमण फैलिने र अझ गम्भीर बन्ने सम्भावना हुन्छ । त्यसैले, यो परम्पराले वर्षायाममा हुने शारीरिक जोखिमहरूबाट बच्न एउटा सुरक्षात्मक उपायको रूपमा काम गरेको थियो । साउन सङ्क्रान्तिको दिन ग्रामीण क्षेत्रहरूमा लुटो फाल्ने परम्परा पाइन्छ । यो वर्षायाममा हुने छालाका रोगहरू (जस्तै: चिलाउने, दादुरा) बाट मुक्ति पाउन गरिने एक अनुष्ठान हो । मानिसहरूले ठुला नाङ्लो पिटेर वा विशेष पूजा गरेर यी रोगहरू भगाउने विश्वास गर्छन् । यो परम्परा साउनलाई सफाइ र फोहोर हटाउने महिनाका रूपमा हेर्ने मान्यतासँग पनि जोडिएको छ ।

साउन महिना नेपाली समाजको धार्मिक, सांस्कृतिक, ऐतिहासिक र मौसमी जीवनको अभिन्न अङ्ग हो । जसले पौराणिक समुद्र मन्थनदेखि लिएर वर्तमानसम्मको यात्रामा शिवको आराधना, महिलाको सौभाग्य कामना, हरियालीको उत्सव र विविध सांस्कृतिक चाडपर्वहरूको सङ्गमलाई प्रस्तुत गर्दछ । साउनको वास्तविक सार शान्त चिन्तन, कृतज्ञता, त्याग र आध्यात्मिक चेतनालाई संरक्षण गर्न सकेमा मात्र यस महिनाको मौलिक महत्त्व कायम रहन्छ । किनभने, यो महिना अनुष्ठानको महिना मात्र नभई नेपाली समाजको सामूहिक चेतना, सांस्कृतिक गौरव र प्रकृतिसँगको सामञ्जस्यको प्रतीक पनि हो ।

# भक्तपुर क्यान्सर अस्पतालको बेथिति
# आफैँले बोलाएको बैठकमा कार्यकारी निर्देशक अनुपस्थित

भक्तपुर क्यान्सर अस्पतालका कर्मचारीहरूको सेवाको सर्त र सुविधासम्बन्धी विनियमावली २०८३ बारे स्पष्ट पार्ने एकल एजेन्डासहित आइतबार बोलाइएको अस्पताल व्यवस्थापन समितिको बैठकमा सदस्य सचिव एवं अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसे आफै बिनाजानकारी अनुपस्थित भएको समाचार छ ।

२०७७ साल कार्तिक २४ गते नेपाल सरकारले भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन आदेश जारी गरी सरकारी स्वामित्वमा लिएदेखि नै त्यहाँ कार्यरत डाक्टर, नर्सलगायतका कर्मचारीहरूको सेवा सुविधासम्बन्धी विनियमावली तयार गरी स्वास्थ्य मन्त्रालयमार्फत पारित गराउने प्रक्रिया थालिएको थियो । लामो समयसम्मको प्रयासपछि २०८३ जेठ १३ गते व्यवस्थापन समितिको बैठकले पारित गरेको थियो । उक्त विनियमावलीबारे थप स्पष्ट पार्ने उद्देश्यले सदस्य सचिवको हैसियतले कार्यकारी निर्देशक डा. चालिसेले औपचारिक पत्र प्रेषित गरेर आइतबार बिहान ८ बजेका लागि आफ्नै कार्यकक्षमा बैठक बोलाएको तर उनी आफै अनुपस्थित भएको बताइएको छ ।

“बैठकमा अध्यक्ष स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अतिरिक्त सचिव डा. श्रीकृष्ण श्रेष्ठ र भक्तपुर नगरपालिकाका प्रतिनिधि रवीन्द्र ज्याख्व उपस्थित थिए । सरोकारवाला कर्मचारीहरू बिहानैदेखि बैठकको तयारीमा जुटेका थिए । संसदीय समितिका सांसदहरू प्रमिला कुलुजु र कुसुम महर्जन पनि बिहानैदेखि कार्यकारी निर्देशकको कार्यकक्षमा थिए । तर, बैठक डाक्ने कार्यकारी निर्देशक अनुपस्थित भए,” बैठकको तयारीमा जुटेका एक कर्मचारीले बताए । उनका अनुसार व्यवस्थापन समितिका अध्यक्षले पटक-पटक कार्यकारी निर्देशकलाई फोन गर्दा पनि उनी सम्पर्कविहीन भए ।

कार्यकारी निर्देशकको गैरजिम्मेवारीपूर्ण कार्यले एकातिर ‘भोज डाकेका व्यक्ति आफै भोजस्थलबाट बेपत्ता भएको’ चर्चा चलिरहेको थियो भने अर्कोतिर सांसदहरूको समेत अपमान भएको अनुभव गरिएको थियो । बिहान ८ बजेदेखि साढे चार घण्टासम्म कुर्दासमेत कार्यकारी निर्देशकको अत्तोपत्तो नहुनु र फोन सम्पर्कमा समेत नआउनु के गैरजिम्मेवारी होइन । अस्पतालजस्तो संवेदनशील संस्थाको जिम्मेवारी बोकेका डाक्टर त चौविसै घण्टा सम्पर्कमा रही सचेततापूवर्क निर्देशन दिनुपर्नेमा आफैँले डाकेको बैठकमा आफैँ अनुपस्थित हुनु के विश्वासघात होइन ?




स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीको निर्देशनमा विनियमावली पारित भएको विषयमा आफूहरूले गत असार ३२ गते बिहीबार अस्पतालमा आएर व्यवस्थापन समितिका अध्यक्ष र कार्यकारी निर्देशकसँग छलफल गरेको र त्यसकै आधारमा आइतबारका लागि व्यवस्थापन समितिको बैठक बसेर सोहीअनुरुपको प्रतिवेदन मन्त्रालयमा बुझाउन आफूहरू बैठकमा सहभागी भएको उल्लेख गर्दै व्यवस्थापन समितिले गत जेठ १३ गते गरेको निर्णय नै आधिकारिक भएकोले मन्त्रालयमा स्वीकृति प्रक्रिया अगाडि बढाउन मन्त्रीलाई अनुरोध गर्ने निर्णय भएको बुझिएको छ ।

बैठकमा उपस्थित हुन नसकिने व्यहोराको पत्र दर्ता नै फर्जी !

बैठकको सुरुमै अध्यक्षले व्यवस्थापन समितिका केही सदस्यहरू बैठकमा उपस्थित हुन नसक्ने तथा बैठकको स्थान र मिति सार्न अनुरोधसहितको पत्र मोबाइलमा प्राप्त भएको जानकारी गराए । तर, दर्ता मिति साउन १ गते उल्लेख गरिएको उक्त पत्र साउन २ गते शनिबार बेलुकी ७ बजे एक कार्यालय सहयोगीमार्फत दर्ता गरिएको सीसी टीभी फुटेजमा देखिएको र उक्त पत्रको सक्कल प्रति कार्यालयमा अभिलेखमा नरहेको स्रोतले बतायो । अघिल्लो दिनको मिति राखेर शनिबार सार्वजनिक बिदाको दिन बेलुकी ढिलो गरी पत्र दर्ता गर्नु र उक्त पत्रको सक्कल प्रति दर्ता गर्ने आफैँले लिएर जानु सन्देहात्मक रहेको बताइन्छ ।

अस्पतालको लागि आवश्यक करोडौं मूल्यको मेडिकल इक्वीपमेन्ट खरिद तथा औषधि खरिद प्रक्रियामा भ्रष्टाचार भएको र कार्यकारी निर्देशकले नियमविपरीत अस्पतालबाट लिँदै आएको लाखौँ रकम असुलउपर गर्नुपर्ने ठहरसहित महालेखा परीक्षण प्रतिवेदन सार्वजनिक भएको समाचार प्रकाशित भइसकेको छ ।

अस्पताल सञ्चालनका लागि नभई नहुने तथा तीन सयभन्दा बढी कर्मचारीहरूको हितमा जारी हुने विनियमावली स्वीकृतिको प्रक्रियामा ढिलाइ गर्न खोज्नुका पछाडि कार्यकारी निर्देशकको भ्रष्टाचार काण्ड बाहिरिने डर त होइन ? अथवा विनियमावलीले आफूलाई पनि बाँधिने हुँदा मनपरी गर्न नपाइने चिन्ता त होइन ? - चर्चाको विषय बनेको छ ।

बैठकमा उपस्थित हुन नसक्ने व्यहोरासहितको संयुक्त पत्रमा हस्ताक्षरित पदाधिकारीहरू सबैजना नेपाल अर्बुद रोग निवारण संस्था (एनसीआरएस) सँग सम्बन्धित रहेको र तिनीहरूले अस्पतालको भलो नचाहेको चर्चा पनि छ । क्यान्सर पीडित बिरामीहरूबाट उठाइएको रकममा भ्रष्टाचार गरी भक्तपुर क्यान्सर अस्पताललाई दुहुनो गाई बनाएको विरोधमा एनसीआरएसको विरुद्ध सङ्घर्ष गर्दै उक्त अस्पताललाई सरकारीकरण गरिएको थियो ।

‘घण्टी’ सांसदहरू पनि अस्पताल विकासको पक्ष र विपक्षमा !

भ्रष्टाचार र नातावादको विरोध तथा सुशासनको नारा बोकेर जनमत बटुलेका ‘घण्टी’ सांसदहरू नै भक्तपुर क्यान्सर अस्पतालको कर्मचारी विनियमावलीको पक्ष र विपक्षमा बाँडिएको चर्चा छ । दलगत वा गुटगत स्वार्थका कारण अस्पतालका कर्मचारीहरूको भविष्य र बिरामीहरूको स्वास्थ्य उपचारमाथि खेलबाड गर्ने छुट कसैलाई छैन ।

# देशको अवस्थाबारे उब्जिएका प्रश्न !

- देशमा ३० खर्ब ऋण लिएर सडक सञ्जाल बनाएको दाबी गर्ने सरकारहरूले वर्षाको बेला २३ जिल्लालाई उच्च जोखिमयुक्त ‘रेड अलर्ट’ घोषणा गरे । समयमै व्यवस्थित सडक निर्माण किन गरेनन् ?
- नेपाल बाल सङ्गठनमा रहेका बालबालिका बस्ने बालगृहको सरसफाइ अत्यन्त कमजोर रहेको, शौचालय तथा बाथरूम अस्वस्थ र चिप्लो अवस्थामा रहेको, भवनभित्र पानी जमेको तथा विभिन्न उमेर समूहका बालबालिकालाई एउटै स्थानमा राखिएको भेटियो । आजसम्मका सरकारहरूले बालबालिका भविष्यका कर्णधार दाबी गरेको के यही हो ?
- महिलाले मिटरब्याजी साहुमहाजनसँग ऋण लिँदा घरमा श्रीमान्ले गालीगलौज गर्ने, कुटपिट गर्ने, छोराछोरीले पनि किन यसरी ऋण लिएको भनेर गाली गर्ने कारण महिला घरेलु हिंसाको सिकार भए । साहुमहाजनले ‘तिम्रो ऋण तिर्नुपर्दैन मिनाहा गरिदिन्छु’ भन्दै आश्वासन दिएर यौन शोषण गरेका घटना पनि छन् । महिलाले सामाजिक अपमान खेप्नुपरेको छ । सरकार ! प्रजातन्त्र भनेको के यही हो ?
- वीरगञ्ज लागूऔषध कारोबार तथा ओसारपसारका मुख्य केन्द्र हुन थालेको छ । खुला सिमानाका कारण नेपालमा प्रतिबन्धित भारतीय औषधि सीमावर्ती भारतीय बजारबाट भित्रिने र मुलुकका विभिन्न ठाउँमा पुऱ्याउने गरिएको पाइयो । देशको अन्य सीमावर्ती जिल्लाको अवस्था के छ ? खुला सीमा नियमन कहिले हुन्छ ?
- सर्लाही चुरे भेगका विकट बस्तीबाट बिरामीलाई अस्पतालसम्म ल्याउनुपर्दा झोलुङ्गेमा बोक्नुपर्ने बाध्यता छ । सर्लाहीको चुरेवर्ती सम्पूर्ण भेग विगत नौ वर्षदेखि नगरपालिकाभित्र परे पनि सडक पुग्न सकेको छैन । यो अवस्थाको अन्त्य कहिले हुने ?

# वागीश्वरीमा भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण




भक्तपुर, ३ साउन । नेपाल क्रान्तिकारी किसान सङ्घ चाँगुनारायण नगरपालिका - ७ स्थित वागीश्वरी तपा दौँफो एकाइ समितिको आयोजनामा भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा किसान भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्लाका उपाध्यक्ष न्हुछेभक्त फोजुले २०२५ साउन २ र २०२६ असार १९ गतेको स्मरण गर्दै किसानको लागि बीउबिजन नपाइने र रोपाइँको लागि मल नपाइएकोमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले जहिलेसम्म भ्रष्टहरूलाई कारबाही गर्दैनन् तबसम्म जनताले दु:ख पाइरहने उल्लेख गर्नुभयो ।

शिक्षा, स्वास्थ्य र विद्युत्मा कर लगाएर जनताको ढाड सेक्ने काम वर्तमान सरकारले गरेको बताउँदै उहाँले सम्पूर्ण जनता एक भएर भ्रष्टाचारविरुद्ध लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

वाग्मती प्रदेश सांसद गीता काफ्लेले देशमा भइरहेको भ्रष्टाचारबारे बोल्दै जनताको हितमा भन्दा व्यक्तिगत स्वार्थमा लागेकै कारण जनताले दु:ख पाएको हो भन्नुभयो । उहाँले वाग्मती प्रदेशसभामा भइरहेको बेथितिहरूको बारेमा पनि बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर जिल्ला सदस्य अर्जुन काफ्लेले अहिलेको विकास निर्माणमा व्यापक भ्रष्टाचार भइरहेको बताउँदै आफ्नो टोल-टोलमा भएको विकास निर्माणमा सबैको चासो जानुपर्छ भन्नुभयो ।

गणेशराम सुवाल र बलराम काफ्लेले पनि बोल्नुभएको उक्त कार्यक्रमको सभापतित्व समितिका अध्यक्ष कुमारप्रसाद सुवालले गर्नुभएको थियो ।


# मुक्त कमैयाको समस्या समाधान गर्न अधिकार सम्पन्न निकायको माग

सुदूरपश्चिम, ३ साउन । सरकारबाट पुन:स्थापना गर्न बाँकी रहेका मुक्तकमैयाको समस्या समाधान गर्न अधिकारसम्पन्न निकायको माग गरिएको छ । शनिबार कैलालीको धनगढीमा २६औँ कमैयामुक्ति दिवसका अवसरमा आयोजित कार्यक्रममा उहाँहरूले पुन:स्थापनाका लागि सरकारले पहिचान गरेका मध्ये बाँकी रहेकाको समस्या समाधान गर्न यस्तो माग गरिएको हो ।

कार्यक्रममा मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले सरकारले पुन:स्थापनासम्बन्धी अधिकांश काम सम्पन्न गरी केही मुक्तकमैयाको जिम्मा स्थानीय तहमा हस्तान्तरण गरे पनि करिब आठ वर्षसम्म पनि समस्या समाधान नभएको बताउनुभयो । मुक्तकमैया समस्यालाई भूमिहीनसरह ठानेर स्थानीय तह वा भूमिसम्बन्धी आयोगबाट समाधान हुने भने पनि त्यसो नभएको भन्दै अधिकारसम्पन्न छुट्टै निकाय आवश्यक रहेको उहाँको भनाइ थियो ।

समाजका सुदूरपश्चिम अध्यक्ष चन्द्रप्रसाद चौधरीले २५ हजारभन्दा बढी मुक्तकमैयाको समस्या समाधान गरेर केही हजारको समस्या स्थानीय तहले गर्लान् भनेर छोड्दा अन्योल भएको बताउनुभयो । उहाँले अब एकपटकका लागि मुक्तकमैयासम्बन्धी सम्पूर्ण समस्या समाधान गर्न केन्द्र सरकारले नेतृत्व गर्नुपर्नेमा जोड दिनुभयो ।

अन्य सरोकारवालाले अधिकांश मुक्तकमैयाको पुन:स्थापना भइसकेको अवस्थामा अब बाँकीको समस्या पनि त्यसरी नै समाधान गर्न अग्रसरता लिनुपर्नेमा जोड दिएका छन् । सुदूरपश्चिम प्रदेशसभा सदस्य एवं निवर्तमान भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापाले जमिन दिने अधिकार सङ्घीय तथा स्थानीय तहमा मात्र रहेकाले त्यसबाहेकका काममा सहयोग गर्न प्रदेश तहको भूमिका रहने बताउनुभयो ।



उहाँले अब एकपटकका लागि तीनै तहका निकायको सहकार्यमा मुक्तकमैयालगायत विगतमा सरकारले मुक्त घोषणा गरेका समुदायको समस्या समाधान गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “म मन्त्रालयको नेतृत्वमा रहँदा जग्गा भएका मुक्तकमैयाको घर बनाउन अन्य निकायसँग सहकार्य गर्ने नीति अगाडि सारेको थिएँ । जग्गा नभएकाका लागि हामीले केही गर्ने अवस्था रहेन । जग्गासम्बन्धी अधिकार केन्द्र र स्थानीय तहमा भएकाले त्यसको व्यवस्थापन गरिएमा प्रदेश सरकारले बाँकी काममा सहकार्य गर्छ । हामीले कार्यविधि बनाएर त्यो काम सुरु गरिसकेका छौँ ।”

राष्ट्रिय मानवअधिकार आयोगका सुदूरपश्चिम प्रमुख सहसचिव प्रकाशदत्त भट्टले संविधानले हरेक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार दिएकाले त्यसको पालना गरिनुपर्ने बताउनुभयो । उहाँले अधिकारप्राप्त निकाय, सरोकार भएका र व्यक्तिले पनि मुक्तकमैयाको समग्र मानवअधिकारको अवस्था सुधारका लागि मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल बार एसोसिएसन कैलालीका अध्यक्ष नाथुराम महतो, गैरसरकारी संस्था महासङ्घका प्रदेश सचिव नरेन्द्र ओझा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रतिनिधि मैनामती चौधरी, कमैया प्रथा उन्मूलन समाजका अध्यक्ष सीताराम चौधरी, याक नेपालका अनुगमन अधिकृत पवित्रा भट्टलगायतले मुक्तकमैयाहरूको सम्मानित जीवनका लागि सबै गम्भीर बन्नुपर्नेमा जोड दिए ।

सरकारले २०५७ साउन २ गते कमैयामुक्ति घोषणा गरेको थियो । कैलाली, कञ्चनपुर, बाँके, बर्दिया र दाङमा गरी ३२ हजार ५०९ परिवारलाई मुक्तकमैयाको परिचयपत्र प्रदान गरिएको थियो । त्यसमा पुन:स्थापना गर्न योग्य ठहरिएका २७ हजार ५७० परिवारमध्ये २७ हजार २१ परिवारले पुन:स्थापना प्याकेज पाएका थिए । केन्द्र सरकारले आव २०७५/७६ पछि अधिकांशको पुन:स्थापना सम्पन्न गरिएको जनाउँदै बाँकी ३०० जनालाई स्थानीय सरकारले काम गर्नेगरी हस्तान्तरण गरेको तथ्याङ्क छ । मुक्तकमैया क्षेत्रका सङ्घसंस्थाले भने सरकारले पहिचान गरेकाहरूमध्ये २५ हजार १९५ परिवारले मात्रै सुविधा पाएको दाबी गर्दै आएका छन् । ***रासस***

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा